पुस्तकालय

16048

इतिहास

कक्षा ८

श्री ईश्वरराज बर्वाल
श्री गुणदेव भट्टराई

इतिहास

कक्षा ८

EDUCATIONAL LIBRARY AND DOCUMENTATION CENTRE
ACCESSION NO. 16048 - 07-12-29

लेखक
श्री ईश्वरराज अर्याल
श्री गुणदेव भट्टराई

प्रकाशक
जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
सानो ठिमी, भक्तपुर ।

सर्वाधिकार जनक शिक्षा सामग्री केन्द्रमा सुरक्षित

संस्करणहरू, २०२८, २०२९, २०३०, २०३१, २०३२,
२०३३, २०३४, २०३५, २०३६, २०३७,
पाठ्यक्रम २०३८ अनुसार पहिलो संस्करण २०३८
दोस्रो संस्करण २०३९, वैशाख

मूल्य रू. २।९५

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड (एजुकेशन प्रेस) मा मुद्रित ।

"राष्ट्रिय प्रतिभालाई फुलाउने, फलाउने
तथा जनताको मनोभावनालाई
विकासमूलक बनाउने नीति लिई लागू
गरिएको यस राष्ट्रिय शिक्षा
योजनाबाट केही वर्षभित्रै एउटा
जागरूक, परिश्रमी र उन्नतिशील
समाजको सिर्जना हुन सक्नेछ भन्ने
मैले आशा लिएको छु ।"

– श्री ५ वीरेन्द्र

हाम्रो भनाइ

शिक्षालाई जीवन अपेक्षित गराई विद्यार्थीहरूमा राष्ट्रियता, राष्ट्रिय एकता, सार्वभौमिकता र नैतिकता जस्ता गुणहरूको विकास गराउने र सामाजिक जीवन यापनका लागि आवश्यक ज्ञान र सीप हासिल गराउने राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ को विशुद्ध उद्देश्य अनुरूप विद्यालय स्तरका पाठ्यक्रम र पाठ्यपुस्तकहरूको विकास गर्ने प्रक्रिया चालू रहिआएको हो । यिनमा देखिएका कतिपय कमीहरू हटाउने र विषयवस्तुलाई समय सापेक्ष गराउने प्रयासमा बेला बेलामा संशोधन पनि भइआएका छन् ।

यसै क्रममा शिक्षालाई अझ प्रभावकारी र व्यावहारिक तुल्याउन २०३८ को शैक्षिक सत्र-देखि पाठ्यक्रम र पाठ्यपुस्तकहरूमा व्यापक सुधार गरिएको छ । तदनुरूप कक्षा ८ को लागि पाठ्यक्रम २०३८ अनुसार इतिहास विषयको यो पाठ्यपुस्तक तयार गरिएको हो । यो पाठ्य-पुस्तकका लेखक श्री ईश्वरराज अर्याल र श्री गुणदेव भट्टराई हुनु हुन्छ र यसको पहिलो प्रकाशन २०२८ मा भएको थियो । यो पुस्तकको परिमार्जनकर्ता श्री शिवबहादुर राजभण्डारी, श्री श्रीराम उपाध्याय र श्री रामभक्त राजभण्डारी हुनु हुन्छ ।

यस पाठ्यपुस्तकलाई सकेसम्म स्तरयुक्त बनाउने प्रयास गरिएको छ तापनि यसमा भाषा-गत, विषयगत र शैलीगत कतिपय त्रुटिहरू अझ हट्न नसकेका होलान् । तिनका सुधारका लागि शिक्षक, अभिभावक, विद्यार्थी लगायत सबै बुद्धिजीवी पाठकहरूको सक्रिय सहयोगको महत्त्व-पूर्ण भूमिका रहने हुँदा यस पवित्र सेवा कार्यमा यहाँहरूको रचनात्मक सुझाव यो केन्द्र सदैव स्वागत गर्दछ ।

२०३९

श्री ५ को सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय
पाठ्यक्रम पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्र
हरिहर भवन, ललितपुर
नेपाल ।

दुई शब्द

हाम्रो देशमा शैक्षिक विकास तर्फ यस केन्द्रले महत्त्वपूर्ण जिम्मेवारी वहन गर्दै आएको कुरा सर्वविदितै छ । यसै क्रममा विद्यालय स्तरका सबै पाठ्यपुस्तकको पाण्डुलिपि सम्पादन, चित्र-हरूको संयोजन, डिजाइन, मुद्रण, प्रकाशन तथा अधिराज्यभरि कक्षा १ देखि कक्षा १० सम्मका पाठ्यपुस्तकहरू, प्राथमिक स्तरको कक्षा ३ सम्म निःशुल्क तथा अन्य कक्षाहरूको निमित्त बिक्री-वितरणको व्यवस्था गर्ने गहनतम उत्तरदायित्त्व पनि यस केन्द्रको काँधमा छ। साथै अध्ययन अध्यापनको स्तर विकासमा सहयोग पुऱ्याउन पाठ्यपुस्तकका अतिरिक्त यस केन्द्रले अभ्यास पुस्तिका, विज्ञानका सरल सामग्रीहरू, शैक्षिक नक्शा, रमाइला बाल–साहित्य आदि शैक्षिक सामग्रीहरूको रचना, विकास तथा उत्पादन गरी उचित मूल्यमा उपलब्ध गराउने लक्ष्य पनि राखेको छ।

इतिहास कक्षा ८ को पहिलो प्रकाशन २०२८ मा भएको हो। पाठ्यपुस्तकहरूको विकास गराउने क्रमका विषयवस्तुलाई समय सापेक्ष तुल्याउन २०३८ को शैक्षिक सत्रदेखि यसमा व्यापक सुधार गरिए अनुरूप पाठ्यक्रम २०३८ अनुसार परिमार्जित रूपमा यो पुस्तक प्रकाशित गरिएको छ । स्तर अनुकूल यस पुस्तकलाई रुचिपूर्ण बनाउने तर्फ केन्द्रले यथाशक्ति प्रयत्न गरेको छ ।

पुस्तक प्रकाशन सम्बन्धी त्रुटि हुन नदिन केन्द्र प्रयत्नशील छ, तैपनि कतै त्यस्तै त्रुटि देखिन आएमा शिक्षक, अभिभावक, विद्यार्थी तथा प्रबुद्ध पाठकवर्गको उचित रायसल्लाह अनुसार आगामी संस्करणदेखि सुधार गर्दै लैजान यो केन्द्र सधैं सचेष्ट रहने छ।

यस पुस्तकको प्रकाशनमा केन्द्रभित्र तथा बाहिरका समस्त सहयोगीहरूप्रति यो केन्द्र विनम्र धन्यवाद ज्ञापन गर्दछ।

वैशाख, २०३९

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
सानो ठिमी, भक्तपुर ।

पाठ्यपुस्तक तथा निरीक्षण विभाग
२० ३५
पुस्तकालय

विषय सूची

१. नेपाल उपत्यकाको उत्पत्ति १
२. प्रमुख किराँती राजाहरू ३
३. लिच्छविकालीन प्रख्यात राजाहरू ५
(मानदेव, अंशुवर्मा, नरेन्द्रदेव)
४. प्रमुख मल्ल राजाहरू ९
(भूपतीन्द्र मल्ल, सिद्धिनरसिंह मल्ल, प्रताप मल्ल, जयप्रकाश मल्ल)
५. श्री ५ पृथ्वीनारायण शाह १६
६. श्री ५ रणबहादुर शाह १९
(राजेन्द्रलक्ष्मी देवी, बहादुर शाह, दामोदर पाण्डे, भीमसेन थापा)
७. श्री ५ राजेन्द्र विक्रम शाह २७
(माथवरसिंह थापा, जङ्गबहादुर)
८. श्री ५ त्रिभुवन ३६
(प्रजातन्त्रको प्रादुर्भाव)
९. विश्वका धार्मिक महा–पुरुषहरू ३९
(गौतम बुद्ध, ईसा मसिह, पैगम्बर मुहम्मद, शंकराचार्य)
१०. विश्वका महा–पुरुषहरू ४६
(महात्मा गान्धी, सन्–यात्सेन, फ्लोरेन्स नाइटिंगेल, नेपोलियन बोनापार्ट)

नेपाल उपत्यकाको उत्पत्ति

काठमाडौं, ललितपुर र भक्तपुर शहरहरू रहेको उपत्यकालाई नेपाल उपत्यका भनिएको हो । यस उपत्यकाको सतहमा चट्टान ढुंगाहरू पाइँदैनन् र सतह मुनि धेरै गहिरो खन्दा पनि चट्टान नभेटिई मलिलो माटो नै पाइएको छ । यो माटोको बनोट हेर्दा यहाँ पहिले विशाल दह रहेको कुरा अनुमान हुन्छ । यो दहलाई घेरिएको पहाडहरूबाट पानीले बगाएर ल्याएको मलिलो माटोले दह पुरिंदै गएको कुरा अड्कल गर्न सकिन्छ । कालान्तरमा दक्षिणपट्टिको चोभार डाँडाको गल्छीबाट दहको पानी बाहिर बगेर गयो र मलिलो माटोले बनेको बसोबास गर्न योग्य राम्रो उपत्यका बन्यो । अहिले पनि सम्पूर्ण उपत्यकाको पानी चोभारको सोही गल्छीबाट बगेर जान्छ ।

नेपालको बौद्ध तथा हिन्दू धार्मिक ग्रन्थहरूमा पनि पहिले नेपाल उपत्यका एक दह नै भएको कुरा लेखिएको छ । बौद्ध धार्मिक ग्रन्थमा मञ्जुश्रीले उपत्यकाको दक्षिणपट्टि पर्ने कटुवाल दह नामक स्थानमा खड्गले काटेर पानी निस्कने बाटो बनाएको कुरा लेखिएको छ । यसपछि मञ्जुश्रीले यहाँ बस्ती बसाली धर्माकर नाम गरेको कुनै क्षेत्रियलाई राजा बनाए ।

हिन्दू धार्मिक ग्रन्थमा भगवान् श्रीकृष्णले यस उपत्यकाको पानी निस्कने बाटो खोलेको कुरा लेखिएको छ । श्रीकृष्णका साथ ग्वालाहरू पनि आएका थिए । तिनीहरू मध्ये एक जनाको गाईले पशुपतिको ज्योति पुरिएको ठाउँमा गई दूध चढाउने गरेको देखी एउटा ग्वालाले त्यहाँ के रहेछ भनी खनेर हेर्‍यो । यसरी हेर्दा त्यो ग्वाला पशुपतिको ज्योतिले भष्म भयो । कथा अनुसार कुनै एक 'ने' नाम भएको ऋषिले तिनै भष्म भएका ग्वालाका छोरा भुक्तमानलाई राजा बनाए । यसरी नेपाल उपत्यकामा गोपालवंशी शासन शुरू भयो । गोपालवंशी राजाहरूको

पशुपतिको मन्दिर

शासनपछि आभीरवंशी राजाहरूले राज्य गरे । त्यसपछि उपत्यकामा किराँती राज्य स्थापना भयो ।

अभ्यास

१. नेपाल उपत्यकाको उत्पत्ति बारे नेपालको बौद्ध धार्मिक ग्रन्थमा लेखिएका कुराहरू आफ्ना शब्दमा लेख्नुहोस् ।

२. नेपाल उपत्यकाको उत्पत्ति बारे नेपालको हिन्दू धार्मिक ग्रन्थमा लेखिएका कुराहरू आफ्नो शब्दमा लेख्नुहोस् ।

प्रमुख किराँती राजाहरू

किराँतीहरू मंगोल जातिका थिए । प्राचीन संस्कृत ग्रन्थ महाभारतमा यस जातिको उल्लेख भएको पाइन्छ । ईसापूर्व तेस्रो शताब्दीका प्रसिद्ध भारतीय राजनीतिज्ञ चाणक्यले पनि आफूले लेखेको किताब "अर्थशास्त्र" मा किराँतीहरूको नाम उल्लेख गरेका छन् । किराँतीहरू नेपाल उपत्यकामा पूर्वपट्टिबाट पसेको अनुमान हुन्छ । यिनीहरूले यहाँका आभीरवंशी राजालाई हराई आफ्नो शासन स्थापना गरे । नेपाल उपत्यकामा जम्मा ७०० वर्ष जति किराँती शासन भएको अनुमान हुन्छ ।

प्रथम किराँती राजा यलम्बर थिए । सातौं किराँती राजा जितेदस्तीको शासन कालमा शाक्यमुनि बुद्ध नेपाल उपत्यकामा आएका थिए भन्ने भनाइ छ । उपत्यकाका ब्राह्मण तथा क्षेत्रियहरू मध्ये धेरै जसो शाक्यमुनि बुद्धका शिष्य बने । तर किराँतीहरू उपर भने बुद्ध धर्मको त्यत्तिको प्रभाव परेको देखिंदैन ।

चौधौं किराँती राजा स्थुंकोको समयमा भारतका सम्राट अशोक ई .पू. २५० मा भगवान् शाक्यमुनि बुद्धको जन्मस्थल लुम्बिनीमा आए । मनुष्यजाति रहेसम्म भगवान् बुद्ध जन्मेको ठाउँको सम्झना रही रहोस् भन्ने मनसायले सम्राट अशोकले सो ठाउँ वरिपरि ढुंगाको पर्खाल घेर्न लगाए र त्यहीं ढुंगाको एउटा ठूलो स्तम्भ पनि खडा गर्न लगाए । अशोक नेपाल उपत्यकामा पनि आएका थिए भन्ने भनाइ छ । अशोकले आफ्नो साथमा छोरी चारूमतीलाई पनि ल्याएका थिए । चारूमतीको विवाह यहाँका एक जना क्षेत्रिय कुमार देवपालसँग गरिदिए । चारूमतीले आफ्नो पतिको नाममा देवपाटन शहर बसालिन् । सोही देवपाटन शहरको नजीकै एउटा बौद्ध विहार बनाउन लगाई भिक्षुणी भई त्यहीं नै रहिन् । सोही चारूमती विहारलाई हाल चाबहील भनिन्छ ।



चाबहील स्तूप

गास्ति अन्तिम किराँती राजा हुन् । यिनीपछि नेपाल उपत्यकामा किराँती शासनको अन्त हुन्छ ।

अभ्यास

छोटो उत्तर लेख्नुहोस्

(क) किराँतीहरू नेपालका प्राचीन जाति थिए भन्ने दुई वटा प्रमाण उल्लेख गर्नुहोस् ।

(ख) नेपाल उपत्यकामा किराँतीहरूले राज्य गर्नु अगाडि कुन कुन राजवंशीले राज्य गरेका थिए ? लेख्नुहोस् ।

(ग) किराँतीहरू कतापट्टिबाट नेपाल उपत्यका पसेका हुन् ? लेख्नुहोस् ।

(घ) नेपाल उपत्यकाको पहिलो र अन्तिम किराँती राजाको नाम लेख्नुहोस् ।

लिच्छविकालीन प्रख्यात राजाहरू

नेपाल उपत्यकामा किराँतीहरू पछि लिच्छविहरूको शासन चल्यो । लिच्छविवंशका राजाहरूमा मानदेव सबैभन्दा प्रख्यात भए ।

मानदेव

मानदेवले विक्रम सम्बत् ५२१ देखि ५४८ सम्म शासन गरे। (विक्रम सम्बत् ईस्वी सम्बत् भन्दा लगभग ५७ वर्ष अघि शुरू हुन्छ) । मानदेव कम उमेरको छँदा उनका बाबु धर्मदेवको मृत्यु भयो । सती जान लागेकी आमा राज्यवतीलाई राजा मानदेवले सम्झाई बुझाई सती जान दिएनन् । मानदेवलाई कमजोर ठानी पूर्वतिरका सामन्तहरू स्वाधीन हुन खोजे। पूर्वका सामन्तहरू किराँती थिए भन्ने अनुमान हुन्छ । मानदेव यी विद्रोही सामन्तहरूको नाश गर्न पूर्वतिर लागे । फौज लिएर राजा मानदेव आफैं पुग्दा यी सामन्तहरूले मानदेवको अधिपत्य स्वीकार गरे । त्यसपछि पश्चिमतिर स्वतन्त्रता हुन चेष्टा गरिरहेका मल्लपुरीका सामन्तको विरुद्ध आफ्ना मामालाई पठाए । आफू पनि हात्ती घोडासहित ठूलो फौज लिएर लड्न पुगे । गण्डकी पारी मल्लपुरी माथि आक्रमण गरी विजय प्राप्त गरे । यसरी आफ्नो पराक्रमले शत्रुहरूको नाश गरे। मानदेवको राज्य पूर्वतिर कोशी र पश्चिमतिर गण्डकीसम्म फैलिएको देखिन्छ ।

मानदेवले चाँगुनारायण अगाडि गरुडध्वज स्थापना गर्न लगाए । लाजिम्पाटमा वामनमूर्ति त्रि विक्रम विष्णुको मूर्ति बनाउन लगाए । बौद्ध विहार र चैत्यहरू पनि बनाउन लगाए । यसरी हिन्दू धर्म र बौद्ध धर्म दुवैप्रति समान आदर गरेकोले यी राजामा धार्मिक सहिष्णुता थियो भन्न सकिन्छ । यिनले मानगृह नामक एक भव्य राजदरबार पनि बनाउन



चाँगु नारायण

लगाए । मानदेवले तामाका मुद्रा चलाए । अहिलसम्म थाहा भएको नेपालको सबभन्दा पुरानो मुद्रा यही हो । यसलाई मानाङ्क भनिन्छ ।

मानदेव ठूला योद्धा हुनुका साथै उदार राजा थिए । यिनले आफूले जितेका राज्यहरूको शासन त्यहाँकै सामन्तको हातमा सुम्पी दिए । त्यस बेलाको यातायातको असुविधालाई ध्यानमा राखी प्रशासन सरल बनाउनलाई उनले यसो गरेको हुनुपर्दछ ।

अंशुवर्मा

अंशुवर्मा लिच्छवीवंशका थिएनन् । यिनी ठकुरीवंशका थिए । राजा शिवदेव प्रथमले यिनलाई महासामन्तको पदवी दिएर शासनको सबै भार सुम्पेका थिए । शिवदेवको मृत्युपछि अंशुवर्माले आफूलाई महाराजाधिराज घोषित गरे ।

अंशुवर्मा

त्यस समय भारतको सम्राट हर्षवर्द्धन र तिब्बतका राजा स्रोङ्–चङ्–गम्पो आफ्नो साम्राज्य विस्तार गर्नमा प्रयत्नशील थिए । यस्तो स्थितिमा पनि अंशुवर्माले नेपालको स्वाधीनता कायम राख्न सफल भए । तिब्बती राजा स्रोङ्–चङ्–गम्पोसँग राजकुमारी भृकुटीको विवाह गरिदिए । कुनै कुनै इतिहासकारले भृकुटी अंशवर्माको छोरी नभै लिच्छवि राजकुमारी हुन् र नरेन्द्र–देवकी बहिनी हुन् भनी भनेका छन् ।

अंशुवर्माले कैलाशकूट नाउँको भव्य भवन निर्माण गर्न लगाए। त्यस बखत आउने चिनीया यात्रीले कैलाशकूट भवनको जोडा कलाकृति चीनमा पनि थिएन भनी यसको तारीफ गरेको छ । यस भवनको छाना तामाको थियो । दलिन खम्बाहरूमा बहुमूल्य रत्न जडिएको थियो । बैठकमा अनकौं आश्चर्य मूर्तिहरू सजिएका थिए । बुर्जाको चारै कुनामा माछाका आकारका सुनका टुटीबाट पानी झर्दा छहरा झैं शोभायमान देखिन्थ्यो । भवन सात तल्लाको थियो भनी भनिएको छ ।

अंशुवर्मा प्रजाहितैषी थिए । उनले प्रजालाई केही कर माफी गरी दिए । जागीरदार-हरूको लागि भत्ताको व्यवस्था गरिदिए ।

अंशुवर्मा हिन्दू धर्म मान्ने थिए तापनि यिनको बौद्ध धर्मप्रति पनि श्रद्धा थियो । यिनले मन्दिर तथा बौद्ध पीठहरूलाई खर्च तोकिदिएका थिए । यसबाट यिनको धार्मिक उदारताको पूरा प्रमाण पाइन्छ । यिनी विद्वान् थिए । यिनले शब्द विद्या सम्बन्धी एक ग्रन्थ रचेका थिए । यिनको दरबारमा विद्वान् र गुणीहरूको ठूलो आदर थियो । चिनीया यात्री युवान च्वाङले पनि अंशुवर्मालाई प्रतापी, विद्वान्को आदर गर्ने र आफैं पनि विद्वान् भनी उनको तारीफ गरेका छन् ।

नरेन्द्रदेव

अंशुवर्माको मृत्युपछि लिच्छविवंशका उदयदेव द्वितीय राजा भए । आभीरवंशी मन्त्री जिष्णुगुप्तले उदयदेव द्वितीयलाई हटाई राजाको भाइ ध्रुवदेवलाई गद्दीमा राखे । राज्यको सबै अधिकार जिष्णुगुप्तले आफ्नै हातमा लिए।

राजा उदयदेव द्वितीय तिब्बतमा शरण लिन पुगे। उनको मृत्यु तिब्बतमा नै भयो। उनका छोरा नरेन्द्रदेवले तिब्बती राजाको सहायता लिएर पैतृक सिंहासनमा अधिकार जमाए । भारतका सम्राट हर्षवर्द्धनको मृत्युपछि तिब्बतले भारतमा हमला गर्दा नरेन्द्रदेवले तिब्बतलाई सहायतार्थ ७०० घोडचढीहरू पठाएका थिए । त्यस समय नेपालको बाटो भएर भारत आवत जावत गर्ने चिनीयाहरूको लेख र त्यस बखतका चीनको इतिहासबाट त्यस बेलाको नेपालको अवस्था यस प्रकारको थियो भन्ने कुरा थाहा हुन्छ – "नेपालका मानिसहरू आफ्ना कपाल खौराउँथे । कान छेडेर बाँस र सिंगको गहना लगाउँथे । माथिदेखि तलसम्म ढाक्ने एउटा वस्त्र मात्र लगाउँथे । घरहरू काठले बनेको, बुट्टा काटिएको र चित्रहरूले भरिएका हुन्थे । यिनीहरूका भाँडा सबै तामाका हुन्थे । यहाँ खेतीवाल बाहेक व्यापारीहरू पनि थिए । त्यस बखतका मानिसहरू नाटक खेल्न र ढोलक बजाउनमा बढी निपुण थिए । गणित र ज्योतिषशास्त्रको ठूलो उन्नति थियो । यहाँका मानिसहरू पञ्चायन देवताको पूजा गर्दथे । यहाँको मुद्रामा एकातिर मानिसको अर्को-तिर घोडा र साँढेको मूर्ति कुँदिएको हुन्थ्यो । " त्यस समय नेपालको आफ्नो मुद्रा थियो

वंशावली अनुसार नरेन्द्रदेवले अवलोकितेश्वर (रातो मच्छिन्द्रनाथ) नेपालमा स्थापना गरेका थिए ।

अभ्यास

१. राजा मानदेवले कहाँ र क–कस्को विरुद्ध लडाई लडी विजय प्राप्त गरे ? लेख्नुहोस् ।
२. राजा मानदेवको राज्यको सीमाना लेख्नुहोस् ।
३. अंशुवर्मा को थिए ? यिनी कसरी राजा भए लेख्नुहोस् ।
४. अंशुवर्माको समयमा भारत र तिब्बतमा राज्य गरिरहेका राजाहरूको नाम लेख्नुहोस् ।
५. राजा नरेन्द्रदेव कुन वंशका थिए ? यिनले कस्को सहायताले आफ्नो पैत्रिक सिंहासनमा अधिकार जमाए ? लेख्नुहोस् ।
६. लिच्छवि कालमा नेपाल आएका चिनीया यात्रीहरूले गरेको नेपालको वर्णन लेख्नुहोस् ।

प्रमुख मल्ल राजाहरू

लिच्छविहरूपछि नेपालमा विभिन्न वंशका राजाहरू भए । त्यसपछि मल्ल वंशको शासन शुरू भयो । शुरूमा सम्पूर्ण उपत्यका एउटै मल्ल राजाको अधीनमा थियो । राजा यक्ष मल्ल-पछि उनका छोराहरूले भक्तपुर र कान्तिपुरमा छुट्टाछुट्टै राज्यहरू खडा गरे । ललितपुरमा पनि छुट्टै मल्ल राज्य स्थापना भयो ।

भूपतीन्द्र मल्ल (वि. सं. १७५३–१७७९)

भक्तपुरका प्रख्यात मल्ल राजाहरू मध्ये भूपतीन्द्र मल्ल सर्वश्रेष्ठ थिए । यिनको जन्म वि. सं. १७३१ कार्तिक २३ गते भएको थियो । यिनलाई यिनका बाबु जितामित्र मल्लले आफ्नो जीवनकालमा नै राजा तुल्याएका थिए । यिनले वि.सं. १७५३–१७७९ सम्म राज्य गरे । राजा भूपतीन्द्र मल्ल विद्वान् तथा साहित्य प्रेमी थिए । यिनले मैथिली भाषामा गीत र नाटक-हरू लेखेका थिए । यिनलाई दरबार तथा देवमन्दिर बनाउन ठूलो सोख थियो । यिनले बनाएको ५५ झ्याले दरबार अझ पनि अद्वितीय छ । यस दरबारको सुनको ढोकामा कुँदिएको देवदेवीहरूका मूर्ति तथा दरबारको झ्यालमा कुँदिएका बुट्टाहरूबाट यी राजा महान् कला प्रेमी थिए भन्ने कुरा स्पष्ट हुन्छ । अहिलेसम्म पनि यो ५५ झ्याले दरबार दर्शनीय भवनहरू मध्ये एक भैरहेको छ । यो दरबार अगाडि हात जोडेर बसेको आफ्नो सालिक राख्न लगाए । पाँच तले प्रसिद्ध न्यातपोल देवल पनि यिनैले बनाएका हुन् । यो देवलको सिढीमा पहलमानहरू, सिंह, हात्ती आदिका मूर्तिहरू राख्न लगाए ।

भूपतीन्द्र मल्ल

यिनले पनि आफ्नो बाबुले झैं आफ्नो जीवनकालमा आफ्ना छोरा रणजित मल्ललाई राजगद्दी सुम्पे । नेपालको

इतिहासमा भूपतीन्द्र मल्लको नाम उनले बनाउन लाएका दरबार र देवलहरूले सदा उज्ज्वल पारिरहेका छन् ।

सिद्धिनरसिंह मल्ल (वि. सं. १६७५–१७१७)

पाटनका मल्ल राजाहरूमा सिद्धिनरसिंह मल्लको स्थान ठूलो छ । यिनको जन्म वि. सं. १६६३ आषाढ महीनामा भएको हो । यिनी हरिहरसिंहका छोरा थिए । यिनको समयमा पाटनमा व्यापारको निकै उन्नति भयो । यिनले गोर्खासँग व्यापार सन्धि गरे । यिनले

सिद्धिनरसिंह मल्ल

सर्वप्रथम पाटनमा आफ्नो मुद्रा चलाए । सिद्धिनरसिंह मल्ल अत्यन्त धार्मिक राजा थिए । यिनी चान्द्रायण व्रत गरी गर्मीमा पञ्चाग्नि तापी र जाडोमा खुल्ला चोकको चिसो ढुंगाको आसनमा बसी तपस्या गर्दथे । यिनले अनेकौं देवीदेवताहरूको नाच पनि चलाए ।

यी राजा कृष्णका भक्त थिए । वि. सं. १६९३ मा २१ गजुर भएका अति सुन्दर राधा-कृष्णको मन्दिर बनाउन लगाए । यो मन्दिर नेपालको कालीगढीको उत्तम नमूना भएर रहेको छ । यसका भित्तामा रामायण र महाभारतका मुख्य मुख्य घटनाहरूको चित्रहरू कुँदिएका छन् । यो मन्दिर स्थापना गर्दा कोटी होम यज्ञ गरिएको थियो । ब्राह्मणहरूलाई तण्डुल पर्वत, कल्पद्रुम र असर्फी दान गरिएको थियो । सिद्धिनरसिंहले कोटी होम गर्न लागिरहेको बेलामा

कान्तिपुरे राजा प्रताप मल्लले फौज पठाई ललितपुरका केही किल्ला कब्जा गरे । तर सिद्धि-नरसिंहले तिनीहरूलाई धपाए ।

वि. सं. १७१७ मा राजा सिद्धिनरसिंह मल्लले आफ्ना छोरा श्रीनिवास मललाई राज्य दिई आफू राजर्षि बनी बाँकी जीवन काशीमा बिताए । वि. सं. १७३२ तिर सिद्धिनरसिंह मल्लको मृत्यु भयो ।

प्रताप मल्ल (वि. सं. १६९८–१७३१)

काठमाडौंका राजाहरूमा प्रताप मल्लको स्थान ठूलो छ । यिनको जन्म वि. सं. १६८० मा भएको थियो । आफ्ना पिता लक्ष्मीनरसिंह मल्ल पागल भएपछि उनी वि. सं. १६९८ मा राजा भएका थिए । यिनी कुशल राजनीतिज्ञ थिए । यिनले भारदारहरूलाई काबुमा



प्रताप मल्लको सालिकसहितको ढुङ्गे हात्ती

राखी शासन चलाए । ललितपुर स्वतन्त्र राज्य भएको यिनलाई मन परेको थिएन । ललितपुरमा आक्रमण गरी केही किल्ला कब्जा गरेका थिए । तर सिद्धिनरसिंह मल्लले यिनलाई धपाए । सिद्धिनरसिंह मल्लको सहायताका लागि आएका गोरखाका राजा डम्बर शाहलाई प्रताप मल्लले हराए । भक्तपुरमा पनि आक्रमण गरी किल्ला कब्जा गरे। यो देखेर भक्तपुरका राजा नरेश मल्लले हात्ती दिई सन्धी गरे । प्रताप मल्लले आफ्नो राज्य भोटको कुत्तीसम्म फैलाएका थिए ।

प्रताप मल्ल विद्वान् थिए । यिनलाई धेरै भाषाको ज्ञान थियो । यिनले पन्ध्र भाषामा लेखेका शिलापत्र हनुमानढोका दरबारको भित्तामा अझै छँदैछ । यिनी स्वयम् पनि कवि थिए । त्यसैले आफ्नो नामको अगाडि "कवीन्द्र" लेख्दथे । यिनका कविताहरू मन्दिरका शिलालेखहरूमा पनि कुँदिएका पाइन्छन् । प्रताप मल्ललाई गाना गाउनमा ठूलो सौख थियो । यिनी नाच्न पनि जान्दथे । तन्त्र विद्या पनि जान्दथे । शास्त्र पढ्न र तरवार चलाउन पनि यिनी निपुण थिए ।

प्रताप मल्लले रोगव्याधिबाट रक्षा गर्न दरबारको ढोकामा हनुमानको मूर्ति स्थापना गरे । त्यसैले यो दरबारको नाउँ हनुमानढोका रहेको हो । बूढानीलकण्ठ नारायणले प्रताप मल्ललाई सपनामा "अब उप्रान्त तिमी र तिम्रा उत्तराधिकारीहरू मेरो दर्शन गर्न आएमा मृत्यु हुनेछ" भनेकोले यिनले हनुमानढोका दरबारको भण्डारखाल बगैंचामा एक पोखरी बनाई त्यसमा नारायणको मूर्ति स्थापना गरे र बुढानीलकण्ठबाट पानी ल्याएर भरेका थिए ।

हनुमानढोका अगाडि कृष्ण मन्दिर पनि यिनैले बनाएका हुन् । नागार्जुनको डाँडो खन्दा भेट्टाएका कालभैरवको मूर्ति हनुमानढोका दरबार नजीकै स्थापना गर्ने श्रेय पनि यिनैलाई छ । यिनले पशुपतिनाथमा कोटी होम गरी सुनको छाना र सुनको नयाँ गजुर चढाए । हनुमानढोका नजीकै देगुतलेजु अगाडि आफ्नो सालिक राखे । त्यो अझै छँदैछ ।

सेतो मच्छिन्द्रनाथको रथयात्रा यिनैले चलाएका थिए । स्वयम्भू चैत्यमा पनि यिनैले बज्र चढाएका थिए । त्यसैले बौद्ध धर्ममा पनि यिनको श्रद्धा रहेको देखिन्छ ।

प्रताप मल्लका धेरै रानीहरू र पाँच छोराहरू थिए । प्रताप मल्लले छोराहरूलाई पालैपालो राजकाजमा सरीक गराउने गर्दथे । राजकाजमा सरीक गराएको केही दिनमै उनका छोरा चक्रवर्तेन्द्र मरे । पुत्रशोकले दुःखी भएकी रानीलाई सान्त्वना दिन अनेकौं तीर्थस्थलबाट जल ल्याई एक विशाल पोखरी बनाए । यो पोखरी अहिले "रानीपोखरी" को नामले प्रख्यात छ । यस पोखरीको दक्षिणतिर राजा, रानी र छोरा चक्रवर्तेन्द्र हात्तीमा चढेको ढुंगाको मूर्ति राखिएको छ । वि. सं. १७३१ मा हरिसिद्धिको नाच हेर्दा हेर्दै प्रताप मल्लको मृत्यु भयो ।

जयप्रकाश मल्ल (वि. सं. १७९५–१८२५)

जयप्रकाश मल्ल काठमाडौंका अन्तिम मल्ल राजा हुन् । उनी राजा हुँदा नेपाल उपत्यकाको अवस्था राम्रो थिएन । काठमाडौं, ललितपुर र भक्तपुरका राजाहरू आपसमा लडिरहन्थे ।

आपसी कलहले गर्दा राज्यहरू ज्यादै कमजोर स्थितिमा पुगी सक्नेका थिए । देशको आर्थिक अवस्था झन् झन् कमजोर हुँदै गएको थियो । भारदारहरू आफ्ना स्वार्थ पूर्ति गर्नपट्टि नै धेरै लागेका थिए । फलस्वरूप काठमाडौंका भारदारहरूले जयप्रकाशलाई हटाई यिनका भाइ राज्यप्रकाशलाई राजा बनाउन षडयन्त्र गरे । ती कुरा थाहा पाएर जयप्रकाशले भाइ राज्यप्रकाशलाई देश निकाला गरिदिए । राज्यप्रकाश छिमेकी राज्य पाटनमा शरण लिन गए । त्यस बेला

जयप्रकाश मल्ल

पाटनका राजा विष्णु मल्ल थिए । तीनै भारदारहरूले जयप्रकाशका अर्का भाइ नरेन्द्रप्रकाशलाई द्यौपाटन, चाँगु र साँखुको स्वतन्त्र राजा बनाई दिए । त्यसैले जयप्रकाशले द्यौपाटनमा हमला गरे । नरेन्द्रप्रकाश भागी भादगाउँका राजा रणजित मल्लको शरणमा पर्न गए । यिनै ताका अर्थात् वि. सं. १७९४ मा गोर्खाका राजा नरभूपाल शाहले नुवाकोटमा हमला गरे । जयप्रकाश मल्लले काशीराम थापाको सेनापतित्वमा गोर्खालीहरूसँग लड्न तुरून्त फौज पठाए । तर लडाईमा हार भएकोले काशीराम थापा त्यहाँबाट भागे । यसो हुँदा राजा जयप्रकाशलाई काशीराम थापा गोर्खाका राजासँग मिले भन्ने शंका भयो । गौरीघाटमा बसेका काशीराम थापा र उनका अनुयायीहरूलाई मार्न लगाए । राजाले शंका गरेकोले त्यस बखतका काजी तौढीक पाटन भागे ।

यो हत्याकाण्डका नतिजा राम्रो भएन। काशीराम थापाका भाइ परशुराम र काजी तौढीक मिली जयप्रकाश मल्लको विरुद्ध षडयन्त्र रच्न लागे। यिनीहरूले काठमाडौं तथा पाटनका विद्रोही भारदारहरू तथा जयप्रकाशकी रानी दयावतीलाई समेत मिलाई पृथ्वीनारायण शाहलाई काठमाडौंमा आक्रमण गर्न निम्तो पठाए। पृथ्वीनारायण शाहले साँखु, चाँगु आदि काठमाडौं वरिपरिका गाउँहरू कब्जा गरे। यही मौका छोपी षडयन्त्रकारीहरूले जयप्रकाशलाई राज्यबाट धपाई उनका बालक छोरा ज्योतिप्रकाश मल्ललाई सिंहासनमा बसाले। रानी दयावतीले काजी तौढीकको सहायताले शासन गर्न लागिन्। ज्योतिप्रकाश मल्लको नाममा मुद्राहरू पनि छापियो।

राज्यच्युत भएका राजा जयप्रकाशले मातातीर्थ, गोदावरी, गोकर्ण आदि विभिन्न ठाउँहरूमा लुकी बस्न थाले। अन्त्यमा गुह्येश्वरीको पुजारीको घरमा शरणार्थी हुन पुगे। तर पनि उनी निराश भएका थिएनन्। उनी भित्रभित्रैबाट सैनिक संगठन गर्दै थिए। रानी दयावती काजी तौढीकको विरोधमा गरूडसिंह मण्डल पट्टी लागेकोले केही भारदारहरू जयप्रकाश मल्ललाई नै राज्यमा ल्याउन मौका पर्खिरहेका थिए। जयप्रकाश मल्ल गुह्येश्वरीमा रहेको पत्तो पाएर षडयन्त्रकारीहरूले गुह्येश्वरीमा घेरा हाले। हातमा तरवार लिई राजा आफैं अगाडि बढी "हेर! म तिमीहरूको राजा हुँ, तिमीहरूसँग मेरो केही वरभाव छैन, म त खाली शत्रुसँग लड्न चाहन्छु" भनी शत्रुका सेनालाई सम्बोधन गरे। राजाको यस्तो सहासिलो सम्बोधन सुनी सेना राजातर्फ मिल्न गयो। तिनै सेनाको सहायताले जयप्रकाशले काठमाडौं कब्जा गरे। दयावतीलाई लक्ष्मीपुर चोकमा कैद गरे। यहीं तिनको मृत्यु भयो। काजी तौढीकले आत्महत्या गरे। गरूडसिंह भण्डेल गोरखा भागे।

त्यसै बेला गोर्खाका राजा पृथ्वीनारायण शाह उपत्यका बाहिरका प्रदेशहरू जिती उपत्यकामा आर्थिक संकष्ट उत्पन्न गर्ने कार्यमा लागेका थिए। उनले कीर्तिपुरमा आक्रमण गरे। राजा जयप्रकाश मल्ल र उपत्यकाका अरू राजाहरू मिली गोर्खालीहरूसँग लडे। घमासान युद्ध भयो। गोर्खाली पक्षका कालुपाण्डे लगायत धेरै सरदारहरू मारिएकोले गोर्खालीहरूको भागाभाग भयो। जयप्रकाशले अब त गोर्खालीहरू अगाडि बढ्न सक्ने छैनन् भन्ने विचार गरेका थिए। परन्तु पृथ्वीनारायण शाह हारदेखि डराउने मानिस थिएनन्। उनले उपत्यकामा चारैतिर पाहाडी प्रदेशहरू एक एक गरी कब्जा गर्दै गए।

गोर्खालीहरूसँगको लडाईंले जयप्रकाशको धेरै फौज नाश हुनुको साथै ढुकुटी पनि खाली भैसकेको थियो। फौजलाई तलब बाँड्न पनि जयप्रकाश असमर्थ भए। यिनले पशुपतिनाथ र जयबागेश्वरीको ढुकुटी समेत मासेर तलब दिनुपर्‍यो। यही मौकामा पृथ्वीनारायण शाहले कीर्तिपुरमा दोस्रो पटक हमला गरे। तर कीर्तिपुरेहरूले यस पटक पनि गोर्खालीहरूलाई भगाए। लडाईंमा पृथ्वीनारायण शाहका अनेकौं सरदारहरू मारिएर भाई सुरप्रताप शाहको आँखा

फुट्यो । यति भएपछि पनि पृथ्वीनारायण शाहले हार खाएनन् । तेस्रो पटक उनले कीर्तिपुरमा हमला गरी आखिर त्यो शहरलाई जिती छाडे ।

शत्रुले चारैतिरबाट घेरा हाली कीर्तिपुर समेत जितिसकेको र उत्पयकाका अन्य राजाहरूबाट सहायता पाउने संभावना नभएकोले जयप्रकाशले भारतका अङ्ग्रेज शासकसँग सहायता माग्न बेतियामा दूत पठाए । उनको सहायतामा गोर्खालीहरूसँग लड्न कप्तान किनलोकको नेतृत्वमा एउटा फौज आयो । तर गोर्खालीहरूले त्यो फौजलाई सिंधुलीगढीनेर भगाए ।

विक्रम सम्वत् १८२५ मा राजा जयप्रकाश मल्ल इन्द्रजात्राको उत्सव मनाइरहेको बेलामा पृथ्वीनारायण शाहले भीमसेन स्थान, टुँडीखेल र नरदेवी यी तीनै तिरबाट घेरी काठमाडौंमा हमला गरे । केही बेर लडी राजा जयप्रकाश मल्ल तलेजुको मन्दिरमा गई लुके । त्यहाँ पनि शत्रुले घेरेकोले जयप्रकाश मल्ल पाटनमा शरण लिन गए । पृथ्वीनारायण शाह काठमाडौंको रागजगद्दीमा बसे ।

केही महीनापछि नै पाटन पनि पृथ्वीनारायण शाहको अधीनमा भयो । पाटनका राजाका साथ जयप्रकाश मल्ल भादगाउँमा राजा रणजित मल्लका शरणमा गए । पृथ्वीनारायण शाहले त्यहाँ पनि आक्रमण गरे । यो लडाइँमा गोली लागी जयप्रकाश मल्ल घाइते भए । केही दिनपछि आर्यघाटमा उनको मृत्यु भयो । उनको मृत्युपछि मल्ल शासनको अन्त भयो ।

जयप्रकाश मल्ल एक बहादुर र साहसी राजा थिए । उनले कहिल्यै हिम्मत हारेनन् । परिस्थिति जतिसुकै आफ्नो विपरीत भए पनि आत्म–विश्वास र वीरताको साथ त्यसको सामना गर्दै गए । राजा भएदेखिन लगातार संघर्षमा लागिरहनु परयो । संघर्ष गर्दागर्दै यिनको जीवनयात्रा समाप्त भयो र मल्ल शासनको पनि अन्त्य भयो ।

अभ्यास

१. राजा भूपतीन्द्र मल्लका मुख्य मुख्य कार्यहरू बयान गर्नुहोस् ।
२. राजा सिद्धिनरसिंह मल्ललाई धार्मिक राजा भन्नाको कारण लेख्नुहोस् ।
३. राजा प्रताप मल्लका पाँच वटा धार्मिक कार्यहरू बयान गर्नुहोस् ।
४. राजा प्रताप मल्लको चरित्र चित्रण गर्नुहोस् ।
५. राजा जयप्रकाश मल्लको विरूद्ध भारदारहरूले गरेको षडयन्त्रको छोटो विवरण प्रस्तुत गर्नुहोस् ।
६. गोरखाका राजा पृथ्वीनारायण शाहले काठमाडौं राज्यलाई कसरी जिते ? छोटो विवरण प्रस्तुत गर्नुहोस् ।

श्री ५ पृथ्वीनारायण शाह

श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको जन्म वि.सं. १७७९ पौष २७ गते भएको थियो। उनी गोरखाका राजा नरभूपाल शाहका जेठा छोरा थिए। उनकी माता पाल्पाली राजकन्या कौशल्यावती थिइन्। राजा नरभूपाल शाहले उपत्यकातिर आफ्नो राज्य बढाउन विचार गरी वि.सं. १७९४ मा नुवाकोट आक्रमण गरे। तर उनी विफल भए। भादगाउँका राजा रणजित मल्लसँग सम्बन्ध कायम गर्न आफ्ना छोरा पृथ्वीनारायण शाहलाई भादगाउँ पठाए। तीन वर्षसम्म भादगाउँमा बस्दा पृथ्वीनारायण शाहले उपत्यकाको अवस्था अध्ययन गर्ने मौका पाए। यस समय काठमाडौं, भादगाउँ र पाटनका तीन राजाहरूमा मेल थिएन। भादगाउँका युवराज वीरनरसिंहसित मितेरी लगाई पृथ्वीनारायण शाह गोर्खा फर्के।

श्री ५ पृथ्वीनारायण शाह

वि.सं. १७९९ मा नरभूपाल शाहको स्वर्गारोहण भएपछि पृथ्वीनारायण शाह गोरखाको राजगद्दीमा बसे। उनले वि. सं. १८०० मा नुवाकोटमा आक्रमण गरे, तर हारे। दोस्रो पटक आक्रमण गरी नुवाकोट जिते। कान्तिपुरमा राजा जयप्रकाश मल्लले नुवाकोटबाट गोर्खालीहरू, धपाउन काशीराम थापाको नेतृत्वमा फौज पठाए तर उनको हार भयो।

नुवाकोट गोर्खालीको हातमा परेपछि उपत्यकाको व्यापार कुत्तीतिरबाट लामिडाँडा हुँदै भोटसँग चल्न लाग्यो। यो देखी पृथ्वीनारायण शाहले लामिडाँडा उपर कब्जा गरी त्यो बाटो पनि थुनिदिए। चितलाङ, टिस्टुङ र पालुङका बासिन्दाहरूलाई आफ्नो पक्षमा लिई बिस्तारै बिस्तारै पृथ्वीनारायण शाहले उपत्यका नजिकका गाउँहरू जिते। वि.सं. १८१४ मा कालुपाण्डे र स्वयं आफैंले फौज सञ्चालन गरी कीर्तिपुर आक्रमण गरे। तर सफल भएनन्। हारेता पनि पृथ्वीनारायण शाह चूप लागेर बसेनन्। उनले मकवानपुरलाई जिते। यसरी गोर्खाका राजा पृथ्वीनारायण शाहले आफ्नो राज्य बढाउँदै गए।

पृथ्वीनारायण शाहले दोस्रो पटक कीर्तिपुर हमला गरे । यस पल्ट पनि गोर्खालीहरू हारे । पृथ्वीनारायण शाह फेरि पनि चूप लागेर बसेनन् । काजी वंसराज पाण्डेलाई दहचोक पठाएर कीर्तिपुरलाई चारैतिरबाट घेरामा पार्न लगाए । रातको बेला पारी कीर्तिपुरको ढोका खोली गोर्खाली फौज कीर्तिपुरभित्र पसे । कीर्तिपुरेहरूले आत्मसमर्पण गरे । यसरी पृथ्वीनारायण शाहले कीर्तिपुरलाई आफ्नो अधीनमा पारे ।

यस्तो विषम परिस्थितिमा पनि उपत्यकाका तीन राज्यहरूमा मेल हुन सकेन। आखिर निराश भएर जयप्रकाश मल्लले भारतमा इष्ट इण्डिया कम्पनी अर्थात् अङ्ग्रेजहरूसँग सहायता मागे । इष्ट इण्डिया कम्पनी सरकारले कप्तान किनलोकको नेतृत्वमा एक फौज पठायो । सिन्धुलीगढीमा आइपुग्नासाथ गोर्खालीहरूले अङ्ग्रेजी फौज माथि हमला गरे । अङ्ग्रेजको फौजले पृथ्वीनारायण शाहको फौजसँग लड्न सकेन । कप्तान किनलोक ज्यान जोगाई भागे । अङ्ग्रेजले छोडेर गएका बन्दुकहरू गोर्खालीहरूले हात पारे ।

वि.सं. १८२५ मा काठमाडौंका जनताहरू अनन्त चतुर्दशीका दिन इन्द्रजात्रा मनाइ-रहेका थिए । परम्परा अनुसार दरबार अगाडि राजा बस्ने सिंहासन सजाई राखिएको थियो । यस बखत चारैतिरबाट गोर्खाली फौज आई हनुमानढोका दरबारलाई घेरे । दरबारमा जम्मा गरिएका केही फौजी जवान लिएर जयप्रकाश मल्ल गोर्खालीहरूसँग केही बेर लडे । आखिरमा केही नलाग्ने देखी जयप्रकाश मल्ल आफ्ना जवानका साथ पाटनका राजा तेजनरसिंह मल्लकहाँ शरण लिन पुगे । पृथ्वीनारायण शाह काठमाडौंको राजसिंहासनमा बसे र यात्रा चलाए । जय-प्रकाश मल्ल र तेजनरसिंह मल्ल दुवै भादगाउँमा शरण लिन गए । त्यसपछि पृथ्वीनारायण शाहले पाटनमा पनि अधिकार जमाए । केही महिनापछि उनले दुवै राजाहरूलाई बुझाउन ल्याउन भादगाउँका राजा रणजित मल्लकहाँ पत्र पठाए। शरण पर्न आएकाहरूलाई मरण गर्न हुन्न भनी रणजित मल्लले ती दुवै राजाहरूलाई भक्तपुर दरबारमा आश्रय दिई राखे । रणजित मल्लले आफ्नो कुरा नमानकोले पृथ्वीनारायण शाहले वि. सं. १८२६ मा भादगाउँमा आक्रमण गरे । जयप्रकाश मल्लले वीरताकासाथ गोर्खाली फौजसित लडे। तर खुट्टामा गोली लागी उनी सख्त घाइते भए। यो देखी रणजित मल्लले आत्मसमर्पण गरी पृथ्वीनारायण शाहलाई आफू काशी जाने इच्छा प्रकट गरे । पृथ्वीनारायण शाह बहादुर हुनाको साथै दयावान पनि थिए । उनले रणजित मल्लको काशी जाने इच्छा पुरयाइदिए। जयप्रकाश मल्लले आर्यघाट जाने इच्छा प्रकट गरे । उनको इच्छा पनि पुरयाइदिए। जयप्रकाश मल्लको आर्यघाटमा देहावसान भयो ।

विभाजित साना साना राज्यहरूलाई जितेर नेपाललाई एकीकरण गर्ने काम पृथ्वीनारायण शाहले प्रारम्भ गरे । उनले नेपाल राष्ट्रको जग बसाले । वि. सं. १८३१ मा श्री ५ बडा-

महाराजाधिराज पृथ्वीनारायण शाहको स्वर्गारोहण माघे संक्रान्तिको दिन त्रिशुली गण्डकीको किनार देवीघाटमा भयो।

अभ्यास

१. कीर्तिपुरको युद्ध बारे बयान गर्नुहोस्।

२. श्री ५ पृथ्वीनारायण शाहले कसरी कान्तिपुर राज्य जिते ? बयान गर्नुहोस्।

३. "नेपालको इतिहासमा श्री ५ पृथ्वीनारायण शाहको महत्त्वपूर्ण स्थान छ।" यस बारे आफ्नो शब्दमा लेख्नुहोस्।

श्री ५ रणबहादुर शाह

श्री ५ पृथ्वीनारायण शाहको मृत्युपछि उनका जेठा छोरा प्रतापसिंह शाह नेपालको राजगद्दीमा बसे । राजा भएको तीन वर्ष नहुँदै प्रतापसिंह शाहको देहान्त भयो। वि.सं. १८३४ मा यिनका जेठा छोरा रणबहादुर शाह नेपालको राजसिंहासनमा बसे । त्यस बखत यिनी अढाई वर्षको मात्र थिए । रणबहादुर शाह सानो हुँदासम्म पहिले यिनकी आमा राजेन्द्र-लक्ष्मी देवी र पछि यिनका काका बहादुर शाहले यिनको नाममा शासन चलाए ।

श्री ५ रणबहादुर शाह

श्री ५ रणबहादुर शाहको पहिलो विवाह राजराजेश्वरी देवीसँग र दोस्रो विवाह सुवर्णप्रभा देवीसँग भएको थियो। पछि उनले कान्तिमतीसँग विवाह गरे। कान्तिमतीको गर्भबाट गीर्वाणयुद्ध विक्रम शाहको जन्म भयो । श्री ५ रणबहादुर शाहले आफू जीवित छँदै युवराज गीर्वाणयुद्ध विक्रम शाहलाई राजगद्दी सुम्पे । महारानी सुवर्णप्रभालाई नायवी दिए। आफू सन्यासी भए । सन्यास लिएपछि यिनले आफ्नो नाम निर्वाणानन्द राखे । यिनी स्वामीमहाराजा पनि भनिन लागे।

महारानी कान्तिमतीलाई शीतला रोग लाग्यो र तिनको मृत्यु भयो । रानीको मृत्युले

रणबहादुर शाह बहुलाहा जस्ता भए । रानीको उपचारमा लाग्ने तथा शान्तिस्वस्ति गर्ने व्यक्ति-हरूलाई सजाय दिन थाले ।

यसरी रणबहादुर शाहले आतंक मच्चाउँदा स्थिति ज्यादै नराम्रो भयो । काजी दामोदर पाण्डेले राजा गीर्वाणयुद्ध विक्रम शाहलाई नुवाकोट लगे । रणबहादुर शाहले लड्ने तयारी गर्न थाले । तर पछि रणबहादुर शाह जेठी रानी राजराजेश्वरी देवी, भीमसेन थापा आदि भारदारहरूका साथ काशीतिर प्रस्थान गरे ।

रणबहादुर शाह काशीतिर लागेपछि श्री ५ गीर्वाणयुद्ध विक्रम शाहलाई काठमाडौंमा ल्याइयो । सुवर्णप्रभा देवीले नायवी लिएर दामोदर पाण्डेको सल्लाह लिई शासन चलाउन थालिन् । रणबहादुर शाहलाई काशीमै रोकी राख्न भारतको बृटिश कम्पनी सरकारसँग सन्धि गरियो । यसै सन्धि अनुसार वि. सं. १८५८ मा कप्तान नक्स बृटिश कम्पनी सरकारको दूत भई नेपाल आए । सो देखेर काशीबाट महारानी राजराजेश्वरी देवी नेपाल फर्किन् । सुवर्ण प्रभाको हात-बाट नायवी आफ्नो हातमा लिइन् । कप्तान नक्सलाई भारत फिर्ता पठाइन् ।

उता स्वामीमहाराज रणबहादुर शाह आफ्ना भारदारहरूको साथ बनारसबाट काठमाडौंको लागि रमाना भए । सो कुरा थाहा पाएर रणबहादुर शाहलाई बीचैमा रोक्न दामोदर पाण्डे केही सैनिक जवानहरूका साथ थानकोट पुगे । तर सेनाले रणबहादुर शाहको साथ दियो । दामोदर पाण्डे लुमडी थान नजीकै मारिए । त्यसपछि रणबहादुर शाहले छोरा राजा गीर्वाण विक्रम शाहको मुख्तियार भई राजकाज चलाउन थाले ।

रणबहादुर शाहले चौतरिया शेरबहादुर शाह माथि बृटिश कम्पनी सरकारसँग सन्धि गरी उनीहरूलाई देशमै व्यापार गर्ने अख्तियार प्रदान गरेको अभियोग लगाए । अपराधको दण्ड भोग्नु पर्ने देखी मुद्दा छलफल भई रहेकै बेला शेरबहादुर शाहले रणबहादुर शाह माथि तलवार प्रहार गरे । रणबहादुर शाह घाइते भएर लडेको देखी काजी बालनरसिंह कुँवरले घटनास्थलमै शेरबहादुर शाहलाई मारी दिए । चोटले रणबहादुर शाहको पनि मृत्यु भइसकेको थियो । यसरी वि. सं. १८६३ मा रणबहादुर शाहको देहावसान भयो ।

राजेन्द्रलक्ष्मी देवी

राजेन्द्रलक्ष्मी देवी प्रतापसिंह शाहकी बडामहारानी थिइन् । राजा प्रतापसिंह शाहको मृत्युपछि वि. सं. १८३४ देखि यिनले अढाई वर्षका आफ्ना छोरा राजा रणबहादुर शाहको नाममा शासन गर्न थालिन् । त्यस बखत प्रतापसिंह शाहका भाइ बहादुर शाह भारतको बेतिया भन्ने ठाउँमा निर्वासित जीवन बिताई रहेका थिए । दाजुको मृत्युको खबर पाएपछि यिनी बेतियाबाट

2356

काठमाडौं आए । केही महीनासम्म देवर भाउजू मिलेर शासन गरे। तर पछि दुवैमा झगडा शुरू भयो । यस झगडाले गर्दा बहादुर शाह फेरि देश छोडी बेतिया फर्के ।

एउटी नारीको काँधमा राज्यको अभिभारा परेको मौका पारी तनहुँ, पाल्पा, लम्जुङ आदि चौबिसी राज्यहरूले गोर्खालीहरूको अधीनमा रहेको बलिथुम माथि चारैतिरबाट आक्रमण गरे। चौबीसे राज्यका र गोर्खाली फौजका बीचमा घमासान युद्ध भयो । गोर्खालीहरूको हार भयो । यसबाट उत्साहित भएर चौबीसेहरूले गोर्खामा आक्रमण गरयो । राजेन्द्रलक्ष्मी देवीले सरदार अमरसिंह थापाको नेतृत्वमा काठमाडौंबाट फौज त्यसतर्फ पठाइन् । युद्धहरूमा चौबीसे फौजको हार भयो । यसले गर्दा अमरसिंह थापाको साहस अझ बढ्यो। उनले लमजुङ, तनहुँ, पाल्पा, नुवाकोट तथा पर्व्यूं माथि अधिकार जमाए। तर केही समयभित्रै तनहुँका राजाले पाल्पा र पर्वतको सहायता लिई आफ्नो राज्य तनहुँलाई मुक्त गरे। यसको बदला लिन राजेन्द्रलक्ष्मी देवीले पाल्पा माथि आक्रमण गर्न अभिमानसिंह बस्नेतको नेतृत्वमा फौज पठाइन् । पाल्पा माथि आक्रमण गरेको खबर पाएपछि पर्वतले आफ्नो फौजलाई लमजुङतर्फ बढायो । मकैडाँडामा गोर्खाली तथा पर्वते फौजमा युद्ध घमासान भयो। यस युद्धमा गोर्खालीहरूको विजय भयो । यसपछि गोर्खाली फौजले भीरकोट र रिसिङ्गलाई पनि आफ्नो अधिकारमा पारयो। त्यसै बेला वि. सं. १८४२ मा राजमाता राजेन्द्रलक्ष्मी देवीको मृत्यु भयो । चारैतिरबाट शत्रुले नेपाल राज्यमाथि आक्रमण गर्दा पनि यिनले धैर्य र साहसका साथ परिस्थितिको मुकाबिला गरी नेपाल राज्यको विस्तार गरिन् । यसले गर्दा उनको नाम नेपालको इतिहासमा उच्च रहेको छ ।

राजेन्द्रलक्ष्मी देवी

बहादुर शाह

बहादुर शाह श्री ५ पृथ्वीनारायण शाहको माहिला छोरा थिए । पृथ्वीनारायण शाहको मृत्युपछि दाजु श्री प्रतापसिंह शाहले यिनीमाथि शंका गरेकाले यिनी नेपाल छाडी भारतमा बिहार प्रान्तको बेतिया गई बसेका थिए । दाजु प्रतापसिंह शाहको मृत्युपछि बहादुर शाह नेपाल फर्केर बालक राजा श्री ५ रणबहादुर शाहको नाउँमा शासन चलाउन थाले । तर भाउजूसँग राय नमिल्दा उनी फेरि बेतियामा नै गई बसेका थिए । वि. सं. १८४२ मा राजेन्द्रलक्ष्मी देवीको निधन भएको खबर पाएपछि बहादुर शाह भारतको बेतियाबाट नेपाल फर्के र श्री ५

रणबहादुर शाहको नाममा राज्य चलाउन थाल । बहादुर शाह एक योग्य व्यक्ति थिए । आफ्ना पिता पृथ्वीनारायण शाहबाट शुरू गरिएको एकीकरणको अभियानलाई यिनले पूरा गरे।

त्यस बखत पश्चिमको राज्यहरूमा पाल्पा ज्यादै बलियो थियो । त्यसैले बहादुर शाहले पाल्पासँग मैत्री सम्बन्ध कायम गरे। यस सम्बन्धलाई अझै दरीलो बनाउन बहादुर शाहले पाल्पाली राजा महादत्तसेनकी छोरीसित विवाह पनि गरे । यसरी पाल्पालाई आफ्नो पक्षमा बनाई सकेपछि बहादुर शाहले फौजलाई पश्चिममा विजय गर्न पठाए । यस फौजले गुल्मी, सल्यान, ईस्मा, वागलुङ, प्यूठान, जुम्ला, डोटी, अछाम आदिलाई नेपाल राज्यको अधीनमा पारे । बहादुर शाहको निर्देशनमा नेपाली फौजले महाकाली नदी पारीका कुमाऊँ, अल्मोडा र श्रीनगरलाई पनि आफ्नो नियन्त्रणमा पारे । पूर्वतर्फ पठाएको अर्को फौजले नेपालको सीमाना मेची तथा तिष्टासम्म पुऱ्याये ।

यसै बखत नेपाल र तिब्बत बीच युद्ध शुरु भयो । यो युद्ध मुद्रा सम्बन्धी कुरालाई लिएर भएको थियो । मल्ल शासनकालदेखि नै तिब्बतमा नेपाली मुद्राको प्रचलन थियो । मल्ल शासन-कालको अन्ततिर मल्ल राजाहरूले आफ्नो आर्थिक स्थिति बिग्रिदै गएको हुनाले तिब्बतमा पठाइने मोहरमा चाँदीको मात्रा कम गरी पठाउन थालेका थिए। अब आएर तिब्बतले यस्तो मुद्रा लिन अस्वीकार गऱ्यो। आखिर बहादुर शाहको नायबी कालमा यस मुद्राको विवादले गर्दा तिब्बतसँग लडाई पऱ्यो । नेपाली फौजले तिब्बतको दिगर्चामा आक्रमण गरेपछि चीनको मध्य-स्थतामा दुवै देशका बीच सन्धि भयो । यस सन्धि अनुसार नेपालले आफूले कब्जा गरेको तिब्बत-को प्रदेश छोड्नु पर्ने र तिब्बतले नेपाललाई हर्जानाको रूपमा वार्षिक पचास हजार रूपियाँ बुझाउनु पर्ने भयो । पहिलो वर्ष त तिब्बतले सन्धि अनुसारको रकम नेपाललाई बुझायो । पछि उक्त रकम बुझाउन अस्वीकार गरेकोले नेपालले फेरि तिब्बत माथि आक्रमण गऱ्यो। यो खबर पाएपछि चीनले तिब्बतलाई फौजी मद्दत पठायो । नेपाली तथा चीनीयाँ फौजको बीच घमासान युद्ध भयो । दुवै तर्फका फौजी जवानहरू निक्कै संख्यामा मारिए । अन्त्यमा वि. सं. १८४९ मा नेपाल र चीनको बीचको लडाई बन्द भयो । त्यसपछि नेपालले पाँच पाँच वर्षमा सौगातसहित एक शिष्टमण्डल चीन पठाउन थाल्यो ।

बहादुर शाहको शक्ति बढेको केही भारदारहरूलाई मन परेको थिएन । । उनीहरूले बहादुर शाहको विरुद्धमा श्री ५ रणबहादुर शाहलाई कुरा लगाउन थाले। श्री ५ रणबहादुर शाह पनि जवान भैसकेका हुँदा यिनी काका बहादुर शाहको नियन्त्रणमा रहन चाहँदैनथे । उनी बहादुर शाहलाई पन्छाई आफै राज्य गर्न चाहन्थे । त्यसो हुनाले लडाईमा भएको खर्चको हिसाब दिन नसकेको निहुँ पारी रणबहादुर शाहले बहादुर शाहलाई बन्दी बनाए । बन्दी अवस्थामा नै वि. सं. १८५४ मा उनको मृत्यु भयो ।

दामोदर पाण्डे

दामोदर पाण्डे काजी कालु पाण्डेका छोरा थिए। यिनी २१ वर्षको छँदा श्री ५ पृथ्वीनारायण शाहले पूर्व विजय गर्न पठाएको फौजमा सामेल भएका थिए। राजेन्द्रलक्ष्मी देवीको र बहादुर शाहको नायबीकालमा दामोदर पाण्डेले पश्चिमतर्फको युद्धमा वीरतासाथ लडेका थिए। दामोदर पाण्डेको नेतृत्वमा गएको फौजले पश्चिमका चौवीसे र बाईसे राज्यहरूलाई नेपाल राज्यको अधीन पारे।

दामोदर पाण्डे

बहादुर शाहको मृत्युपछि दामोदर पाण्डेको शक्ति बढ्दै गयो। श्री ५ रणबहादुर शाहले छोरा गीर्वाणयुद्धलाई राजा बनाई आफूले सन्यास लिएता पनि राजकाजमा हस्तक्षेप गर्न नछाडकोले दामोदर पाण्डे आदि भारदारहरूले श्री ५ गीर्वाणयुद्ध विक्रम शाहलाई नुवाकोटमा लगे। त्यहींबाट राज्यको शासन चल्न थाल्यो। रणबहादुर शाहलाई यो कुरा मन परेको थिएन। तर आफ्नो केही नलाग्ने देखी यिनी जेठी रानी राजराजेश्वरी तथा भीमसेन थापा आदि भारदारहरूलाई लिएर काशीतर्फ लागे। रणबहादुर शाह काशीतर्फ लागेपछि दामोदर पाण्डेले श्री ५ गीर्वाणयुद्ध विक्रम शाहलाई काठमाडौं ल्याए। अब काठमाडौंबाट नै राजकाज चल्न थाल्यो।

दामोदर पाण्डेले रणबहादुर शाहलाई काशीमै राख्न भारतको कम्पनी सरकारसँग सन्धि गरे। यो देखेर रणबहादुरले रानी राजेश्वरीलाई काठमाडौं पठाए। रानीले शासन आफ्नै हातमा लिएर अङ्ग्रेजको सन्धि तोडिन्। त्यसपछि रणबहादुर नेपाल फर्के। रणबहादुर शाहलाई बाटैमा रोक्न दामोदर पाण्डे थानकोटनेर केही विश्वस्त सेना लिएर बसेका थिए। तर सेनाले रणबहादुर शाहको साथ दिएको हुनाले दामोदर पाण्डे पक्रिए। काठमाडौंको लुमडीस्थान नेर यिनी काटिए।

भीमसेन थापा

भीमसेन थापा

भीमसेन थापाको पिताको नाउँ अमरसिंह थापा थियो । यिनी एघार वर्षकै उमेरमा श्री ५ रणबहादुर शाहको हजुरिया बनाइएका थिए । रणबहादुर शाह काशी जाँदा भीमसेन थापा पनि साथै गएका थिए । पछि रणबहादुर शाहलाई यिनैले काशीबाट नेपाल फर्काएका थिए । वि. सं. १८६३ मा शेरबहादुर शाहको हातबाट रणबहादुर शाहको हत्यापछि भीमसेन थापा मुख्तीयार भए ।

भीमसेन थापाको मुख्तीयारी कालमा भारतको बृटिश सरकारले बुटवल र स्यूराजको कुरालाई लिएर वि. सं. १८७१ मा नेपाल माथि आक्रमण गरयो । यो आक्रमण देशको कुनै एक भागमा मात्र नभई विभिन्न भागमा एकै साथ शुरू भएको थियो । नेपाली र अङ्ग्रेजी फौजको बीच कलंगा, जैथक, मलाऊँ, मकवानपुर, अल्मोडा आदि ठाउँहरूमा ठूलो युद्ध भयो । यी लडाईं-हरूमा नेपाली फौजले वीरतासाथ लडेका थिए । आखिरमा केही नलागी नेपालले भारतको बृटिश सरकारसँग सुगौली भन्ने ठाउँमा सन्धि गर्नु परयो । सुगौलीको सन्धि अनुसार नेपालले तराईको धेरै भूभाग गुमाउनु परयो । यसले गर्दा भीमसेन थापाको प्रतिष्ठामा ठूलो धक्का लाग्यो । यिनी यसको बदला लिने विचारमा लागी नै रहे । यस युद्धमा नेपालीहरूको हार हुनाको मुख्य कारण बलियो सैनिक संगठन नहुनु नै हो भन्ने यिनलाई लागेको थियो । यसले भीमसेन थापाले यूरोपियन ढंगबाट सेनाको संगठन गर्न थाले । यिनले सेनालाई आधुनिक हात हतियारले सुसज्जित पारे । सेनालाई तालीम दिन फ्रान्सेली विशेषज्ञहरू झिकाए । सैनिक-हरूको सुविधाको लागि यिनले छाउनी तथा ब्यारेकहरू बनाउन लगाए । कवाज खेल्दा सैनिक-हरूलाई आधुनिक ढंगबाट बोल्न लगाइयो । नेपाली सेनाहरूले यूरोपेली सैनिक बाजा बजाउन सिक्न थाले ।

भीमसेन थापाले सैनिकको साथै प्रशासनिक, आर्थिक तथा सामाजिक सुधारहरू पनि

गरे। भीमसेन थापाले ठाउँ ठाउँमा भंसार स्थापना गरे । यसले गर्दा राज्यको आम्दानी बढ्यो । हुलाकको पनि व्यवस्था गरे। काठमाडौं र पाटन बीच आवत जावत सजिलो पार्न वाग्मती नदीमाथि पुल बनाउन लगाए । वनजंगल जथाभावी फाँड्नेलाई दण्ड दिने कानून बनाए । त्यस बेला राजकर्मचारीहरू मोहीलाई सित्तैमा काम गराउने गर्दथे । भीमसेन थापाले राष्ट्रको काम बाहेक अरू काम सित्तैंमा गराउन नपाउने गरे । राज्यले मुआवजा नदिई कसैको पनि व्यक्तिगत संपत्ति लिन नपाउने भयो । यिनले मालपोत उठाउने व्यवस्थामा सुधार गरी तराईबाट पहिलेभन्दा बढी मालपोत उठ्ने गराए ।

भीमसेन थापाले बजारमा एउटै किसिमको नापतौल लागू गरे । अन्नको भाउ निश्चित गरिदिए । व्याजको दर पनि किटान गरिदिए । नगदीमा दश प्रतिशत र जिन्सीमा पच्चीस प्रतिशत भन्दा बढी ब्याज लिन नपाउने भयो ।

त्यस बखत धनी व्यक्तिहरू तथा साना राजारजौटाहरू अरूका छोरा छोरीहरूलाई बन्धक लिएर दास बनाउँदथे । भीमसेन थापाले यो प्रथा रोक्न प्रयत्न गरे । कुनै कुनै जातिमा आफ्नो सन्तान बेच्ने चलन थियो । भीमसेन थापाले यसलाई पनि रोके । कुनै कुनै जातमा दाजु मरेपछि देवरले भाउजूसँग विवाह गर्न पाउँथ्यो । भीमसेन थापाले सो गर्न नपाउने गराए ।

निर्माणकार्यमा पनि भीमसेन थापालाई निक्कै सोख थियो । काठमाडौंको टुँडीखेल नजीकको भीमसेन स्तम्भ (धरहरा) र त्यो सँगैको सुनधारा पनि यिनैले बनाउन लगाएका हुन्। यिनले पशुपतिनाथको मन्दिरमा चाँदीको ढोका हाल्न लगाए ।

वि. सं. १८७३ मा श्री ५ गीर्वाणयुद्धको मृत्यु भयो । उनका दुई वर्षका नाबालक छोरा राजेन्द्र विक्रम शाह राजा भए । ललितत्रिपुर सुन्दरीले भीमसेन थापाको सल्लाह लिई श्री ५ राजेन्द्रको नाममा शासन गर्न थालिन् । तर वि. सं. १८८९ मा ललितत्रिपुर सुन्दरीको देहान्त भयो । तिनको मृत्युपछि भीमसेन थापाका विरोधीहरूले श्री ५ राजेन्द्रलाई उनको विरुद्ध कुरा लगाउन थाले । श्री ५ राजेन्द्र पनि जवान भइसकेका थिए । उनी भीमसेन थापाको नियन्त्रणमा रहन चाहँदैनथे । त्यसै बखत जेठी महारानीका कान्छा छोरा देवेन्द्र विक्रम शाहको मृत्यु भयो । राजकुमारलाई विष खुवाई मारेको हो भन्ने दोष भीमसेन थापा माथि लगाइयो । यसै अभियोगमा यिनी कैद गरिए । पछि अभियोग झूठा ठहरिएकोले यिनी कैदबाट मुक्त गरिए। त्यसपछि आफ्नै घर बोर्लाङमा गई बसे । दरबारमा दामोदर पाण्डेका छोरा रणजंग पाण्डेको शक्ति बढ्यो । उनले भीमसेन थापालाई सधैंको लागि पन्छाउने विचार गरे । विष मुद्दा फेरि दोहोरयाइयो । भीमसेन थापालाई कैद गरियो । अपमान सहन नसकी कैदी अवस्थामा नै यिनले वि. सं. १८९६ मा आत्महत्या गरे ।

भीमसेन थापाको अकाल मृत्यु देशको लागि ठूलो क्षति थियो । यिनको योग्यता तथा राजभक्तिलाई देखेर नै रणबहादुर शाहले यिनलाई मनपराएका थिए । एक पटक स्वामी महाराज रणबहादुर शाहले भनेका थिए : "म मरी मुलुक डुबन्या छैन, भीमसेन मरचो भन्या मुलुक डुबन्या छ" ।

अभ्यास

१. रणबहादुर शाहलाई स्वामी महाराज किन मानिएको हो ? आफ्नै शब्दमा लेख्नुहोस् ।
२. महारानी राजराजेश्वरी देवीले त्यस बेलाको बिग्रँदो स्थितिलाई सुधार्न के प्रयत्न गरिन् ? लेख्नुहोस् ।
३. राजेन्द्रलक्ष्मी देवीको नायवी कालमा गोर्खालीहरूले कुन कुन ठाउँ जिते ? वर्णन गर्नुहोस् ।
४. नेपालको इतिहासमा राजेन्द्रलक्ष्मी देवीको स्थान उच्चरहेको छ भन्ने कुरा स्पष्ट गर्नु होस् ।
५. बहादुर शाहले पाल्पासँग मैत्री सम्बन्ध राख्नाको कारण बताउनुहोस् ।
६. बहादुर शाहले कुन कुन राज्यलाई नेपाल राज्यमा मिलाए वर्णन गर्नुहोस् ।
७. नेपाल र तिब्बतको बीच युद्ध हुनाको कारण बताउनुहोस् ।
८. बहादुर शाहको नायवी कालमा नेपालको सिमाना कहाँसम्म फैलिएको थियो ? लेख्नु होस् ।
९. दामोदर पाण्डेले कुन कुन राज्यहरूलाई नेपाल राज्यको अधीन पारे ? लेख्नुहोस् ।
१०. दामोदर पाण्डेको अन्त कसरी भयो ? लेख्नुहोस् ।
११. भीमसेन थापाका मुख्य मुख्य सुधारहरू वर्णन गर्नुहोस् ।
१२. भीमसेन थापाको पतनका कारणहरू दिनुहोस् ।
१३. रणबहादुर शाहले भीमसेन थापालाई किन मनपराएका थिए ? बताउनुहोस् ।

श्री ५ राजेन्द्र विक्रम शाह

श्री ५ राजेन्द्र वि. सं. १८७३ मा पिता गीर्वाणको मृत्युपछि दुई वर्षको उमेरमा राजा भए । यिनकी हजूरआमा ललितत्रिपुर सुन्दरीले यिनको नाममा शासन गर्न थालिन । भीमसेन थापा मुख्तीयार थिए । वि. सं. १८८९ मा ललितत्रिपुर सुन्दरीको मृत्यु भयो । त्यसबखत सम्ममा श्री ५ राजेन्द्र जवान भैसकेका थिए । यिनी आफै स्वतन्त्रता पूर्वक शासन गर्न चाहन्थे । त्यसै बखत जेठी महारानीका पुत्र देवेन्द्र विक्रम शाहलाई विष खुवाएको झूठो अभियोगमा भीमसेन थापा कैद परे । भीमसेन थापा निर्दोष देखिएकोले पछि कैदबाट मुक्त भए । दामोदर पाण्डेका छोरा रणजंग पाण्डेको शक्ति बढ्दै गयो । रणजंग पाण्डे मुख्तियार भए । उनले भीमसेन थापा माथिको मुद्दा दोहोरयाए । भीमसेन थापा कैद परे । त्यसै अवस्थामा उनले आत्महत्या गरे ।

श्री ५ राजेन्द्र विक्रम शाह

श्री ५ राजेन्द्र सुगौलीको सन्धिबाट गुमेका नेपालका प्रदेशहरू फिर्ता लिन चाहन्थे । राजाको यस इच्छा अनुसार रणजंग पाण्डेले अङ्ग्रेजले लिएका प्रदेशहरू माथि कब्जा गर्न नेपाली

फौजलाई आदेश दिए । नेपाली फौजले रामनगर माथि आक्रमण गरी इलाकाहरू कब्जा गरे । अङ्ग्रेजी फौजले ती इलाकाहरूबाट नेपाली फौजलाई धपाए । अङ्ग्रेजहरूले नेपाली फौजको यस आक्रमणको दोष तत्कालीन प्रधान मन्त्री रणजङ्ग पाण्डे माथि लगाए । परिणाममा राजाले बाध्य भएर रणजङ्ग पाण्डेलाई हटाई चौतरीया फत्तेजङ्ग शाहलाई मुख्तियार बनाए ।

रणजङ्ग पाण्डेलाई पदबाट हटाएकाले जेठी महारानी साम्राज्यलक्ष्मीदेवी राजासँग रिसाई काशीतर्फ हिंडिन् । हेटौंडामा पुग्दा औलोको ज्वरोले उनको मृत्यु भयो । यसपछि कान्छी महारानी राज्यलक्ष्मीदेवीको प्रभाव बढ्दै गयो । त्यसै बेला युवराजाधिराज सुरेन्द्रले उत्पात मचाई जनतालाई दुःख दिंदा पनि राजाले युवराजाधिराजलाई रोक्न केही गर्न सकेनन् । भारदारहरू तथा जनताले यस नराम्रो स्थितिलाई उल्लेख गरेर राजालाई एक निवेदन दिए । राजाल पनि महारानीलाई आफ्नो अधिकार सुम्पेमा परिस्थिति सप्रिएला कि भन्न विचार गरेर महारानीलाई राजकाजको सम्पूर्ण अधिकारहरू सुम्पे ।

कान्छी महारानी आफ्नो छोरा रणेन्द्र विक्रमलाई युवराजाधिराज सुरेन्द्रको ठाउँमा उत्तराधिकारी बनाउन चाहन्थिन् । पाण्डेहरू पहिलेदेखि नै यस कुराको विरोधी थिए । आफ्नो उद्देश्य पूरा गर्न रानीले भारतमा गई बसेका माथवरसिंह थापालाई झिकाइन् । वि. सं. १९०० मा माथवरसिंह थापा प्रधान मन्त्री भए । महारानीको उक्त विचारलाई माथवरसिंहले समर्थन गरेनन् । माथवरसिंहले आफ्नो शक्ति बढाउँदै लगेको देखेर राजा पनि त्रस्त भएका थिए । त्यसै हुनाले जङ्गबहादुर कुँवरको हातबाट माथवरसिंहको हत्या गराइयो । यस पछि चौतारिया फत्तेजङ्ग प्रधान मन्त्री भए । गगनसिंह नाम गरेका एक भारदार पनि प्रधान मन्त्री हुन चाहन्थे । यिनी माथि कान्छी महारानीको विशेष कृपादृष्टि थियो । गगनसिंहको शक्ति बढेको श्री ५ राजेन्द्र तथा जङ्गबहादुर लगायत अरू भारदारहरूलाई मनपरेको थिएन । त्यसैले गगनसिंहको हत्या गरियो । हत्यारा पत्ता लगाउने उद्देश्यले महारानीले भारदारहरू सबैलाई कोतको पटाङ्गिनीमा बोलाइन् । आफ्नो विरोधीहरूलाई खतम पार्ने राम्रो मौका देखेर जङ्गबहादुरले आफ्नो भाइहरूको मद्दतले फत्त्यजङ्ग लगायत अनेकौं भारदारहरूको हत्या गरे । कोतको यस हत्याकाण्ड पछि जङ्गबहादुर प्रधान मन्त्री तथा प्रधान सेनापति बनाइए । जङ्गबहादुरले पनि कान्छी महारानीको इच्छा अनुसार सुरेन्द्रलाई राज्यको उत्तराधिकारीबाट हटाउन अस्वीकार गरेकोले महारानीले उनलाई भण्डारखाल बगैंचामा भोजको निम्ता गरी मार्ने योजना बनाइन् । तर योजना सफल हुन सकेन । जङ्गबहादुरले भारदारहरू जम्मा गरी सम्पूर्ण हत्याकाण्डको दोष महारानी माथि लाग्ने गरी एक पत्र तयार गराए । त्यस पत्रमा राज्यको उत्तराधिकारी र प्रधान मन्त्रीको हत्या गर्ने प्रयास गरेकोमा रानीको सम्पूर्ण अधिकार खोसी काशी पठाउने कुरा लेखिएको थियो । त्यस पत्रमा श्री ५ राजेन्द्र र युवराजाधिराज सुरेन्द्रको पनि हस्ताक्षर गराइएको थियो । आखिर विवश भई आफ्ना दुई छोराहरूका साथ कान्छी महारानी काशीतर्फ प्रस्थान गरिन् ।

श्री ५ राजेन्द्रले पनि आफूलाई यहाँ असुरक्षित देखे । त्यसै हुनाले यिनी पनि महारानीको पछि लागे । युवराजाधिराज सुरेन्द्र श्री ५ राजेन्द्रको प्रतिनिधि भए ।

श्री ५ सुरेन्द्रले जङ्गबहादुरलाई मार्न काशीबाट दुई जना मानिसहरू पठाए । तर तिनीहरू समातिए । यिनीहरूसँग राजेन्द्र विक्रम शाहको सहीछाप भएको पत्रहरू पनि फेला परयो । यो घटनापछि वि. सं. १९०४ मा जङ्गबहादुरले राजेन्द्र विक्रम शाहलाई हटाई युवराजाधिराज सुरेन्द्र विक्रम शाहलाई नेपालको राजगद्दीमा राखे । यो समाचार पाउनासाथ राजेन्द्र विक्रम शाह आफ्ना केही सहयोगीहरूका साथ वीरगञ्ज नजीक अलौ नाउँ गरेको ठाउँमा आए । यिनले यहाँ पन्ध्र सय जति गाउँलेहरूको एक दल जम्मा गरे । यो खबर पाउनासाथ जङ्गबहादुरले यसको विरुद्ध फौज पठाए । लडाईमा राजेन्द्र विक्रम शाहतर्फका धेरै मानिसहरू मारिए । राजेन्द्र विक्रम शाह समातिए । यिनी काठमाडौं ल्याइए । केही समय यिनलाई भक्तपुरको दरबारमा कडा पहरासाथ राखियो । पछि काठमाडौंको हनुमान ढोकामा ल्याइयो । वि. सं. १९३८ को श्रावण महीनामा यिनको देहान्त भयो ।

माथवरसिंह थापा

माथवरसिंह थापा नयनसिंह थापाका छोरा थिए । भीमसेन थापाले यिनलाई नेपालको प्रतिनिधिको रूपमा बेलायत पठाउन खोजेका थिए । अङ्ग्रेजहरूले यिनलाई स्वतन्त्र राष्ट्रको प्रतिनिधिको रूपमा सत्कार गर्न अस्वीकार गरेकोले यिनी कलकत्ताबाटै नेपाल फर्के । भीमसेन थापाले यिनलाई पञ्जाबको महाराज रणजित सिंहको दरबारमा पनि पठाएका थिए । पछि गोरखामा प्रशासक भए । भीमसेन थापाको जागीर खोसिएपछि आफ्नो सुरक्षा नदेखेकाले वि. सं. १८९५ मा माथवरसिंह थापा काठमाडौंबाट हिंडे । दामोदर पाण्डेका छोरा रणजङ्ग पाण्डेले आफ्नो पिताको मृत्युको बदला थापा परिवारसँग अवश्य लिने छन् भन्ने यिनलाई लागेको थियो । पञ्जाबका राजा रणजित सिंहको दरबारमा गई त्यहीं बस्ने इच्छाले यिनी काठमाडौंबाट हिंडे ।

माथवरसिंह थापा यसरी रणजित सिंह कहाँ जान लागेको खबर पाएर अङ्ग्रेजहरूले यिनलाई बाटैमा रोके । नेपाल र पञ्जाब मिलेर आफ्नो विरुद्ध षडयन्त्र गर्लान् भन्ने अङ्ग्रेजहरूलाई लागेको थियो । तर षडयन्त्रको कुनै प्रमाण फेला नपरेकोले यिनी छाडिए । त्यसपछि पनि यिनी नेपाल फर्केनन् । भारतको सिमला र त्यसको छेउछाउको इलाकामा गई बसे ।

परम्परा अनुसार श्री ५ राजेन्द्रका जेठा छोरा युवराजाधिराज सुरेन्द्र विक्रम शाह नै राजगद्दीको उत्तराधिकारी थिए । जेठी रानीको मृत्युपछि कान्छी महारानीको मनमा पाप जाग्यो । तिनी आफ्ना छोरा रणेन्द्रलाई राजगद्दीको उत्तराधिकारी बनाउन चाहन्थिन् । तर यो

कुरा पाण्डे भारदारहरू लगायत कसैलाई पनि मन परेको थिएन । कान्छी रानीको मनमा माथवरसिंह थापाले तिनलाई यस काममा सहयोग गर्लान् भन्ने लागेको थियो । त्यसो हुनाले राजाबाट अधिकार पाएपछि कान्छी रानीले माथवरसिंहलाई नेपाल आउन खबर पठाइन् ।

माथवरसिंह थापा

माथवरसिंह काठमाडौं आए । यिनको मनमा अनेक शंका उपशंका भैरहेको थियो । यिनका भान्जा जङ्गबहादुरले यिनलाई भेटेर काठमाडौंको परिस्थिति आफ्नो पक्षमा भएको जानकारी दिए । आफू सुरक्षित भएको थाहा पाएपछि माथवरसिंहले राजा–रानीको दर्शन भेट गरे । केही समयपछि यिनी प्रधान मन्त्री बनाइए ।

आफ्ना पुराना शत्रुहरूलाई नाश गर्ने यिनले मौका पाए । यिनले थापा परिवार माथि चलाइएको मुद्दा दोहोरयाउन लगाए । भारदारहरूको एक सभाले भीमसेन थापा लगायत उसका साथ संलग्न भएका सबै जनालाई निर्दोष घोषित गरयो । भीमसेन थापाको विरुद्ध षडयन्त्रमा लाग्ने पाण्डे परिवारका करवीर पाण्डे र कुलमान पाण्डे काटिए । दामोदर पाण्डेको छोरा रणजङ्ग पाण्डेको स्वास्थ्य ज्यादै नराम्रो भएकोले यिनी काटिएनन् । यसको केही समय

पछि नै यिनी मरे । यसरी थापाहरूको विरुद्ध षडयन्त्रमा लागेका धेरै मानिसहरू काटिए । केही व्यक्तिहरूलाई कठोर दण्ड दिइयो ।

यसरी आफ्नो छोरालाई उत्तराधिकारी बनाइने बाटोमा बाधाको रूपमा रहेका पाण्डेहरू-लाई पन्छाउन पाउँदा कान्छी महारानी खुशी थिइन् । तर महाराज राजेन्द्रलाई माथवरसिंह थापाको शक्ति बढेको मन परेको थिएन । महाराजले यिनलाई प्रधान मन्त्री बनाउन ढिलो गर्न थाले । तर महारानीको अनुरोधको अगाडि श्री ५ राजेन्द्रको केही जोड चलेन । महाराजले बाध्य भएर वि. सं. १९०० मा माथवरसिंह थापालाई प्रधान मन्त्री तथा प्रधान सेनापति मनोनित गर्नु परयो । तर माथवरसिंह थापाले कान्छी महारानीको इच्छा अनुसार काम गर्न चाहेनन् । यसले गर्दा महारानीले यिनलाई मन पराउन छोडिन् । श्री ५ राजेन्द्र पनि यिनले आफ्नो शक्ति बढाएको देखेर यिनी उपर शंकाको दृष्टिले हेर्दथे । यसो हुनाले यिनका भान्जा जङ्ग बहादुर कुँवरको हातबाट यिनको हत्या गर्ने योजना बन्यो ।

१९०२ साल जेठ २ गते राति आफूलाई शूल भएको बहाना गरी रानीले माथवरसिंहलाई बोलाउन मानिस पठाइन् । दरबारको भरयाङ चढ्न लाग्दा जङ्गबहादुरले यिनको छाती र निधारमा गोली हान्दा यिनी ढलमलिंदै लडेर मरे । यसरी माथवरसिंहको दुःखद निधन भयो । आफ्नो यस्तो अकाल मृत्यु हुने छैन भन्ने माथवरसिंहलाई पूरा विश्वास थियो । एक पटक अङ्ग्रेज राजदूतसँग कुरा गर्दा यिनले भनेका थिए, "पृथ्वीनारायण शाहकै पालादेखि नेपालका मन्त्रीहरू आफ्नो काललै मर्न पाएका छैनन् तर मलाई आशा छ म अस्वाभाविक मृत्युदेखि बाँचुँला "। तर दैवको गति विचित्र छ । यिनी अकालमा नै मरे ।

जङ्गबहादुर

जङ्गबहादुर काजी बालनरसिंह कुँवरका छोरा थिए । यिनकी आमा भीमसेन थापाका भाइ नयनसिंह थापाकी छोरी थिइन् । भीमसेन थापाको पतनपछि थापासँग सम्बन्धित हुनाले जङ्गबहादुरको पिताको पनि सर्वस्व हरण भयो । यिनीहरूलाई जीवन निर्वाह गर्न मुश्किल पर्न थाल्यो । एक पटक जङ्गबहादुरले श्री ५ राजेन्द्रका साथ शिकारमा जाने मौका पाए । त्यस बखत यिनले हात्ती समात्ने काममा निकै निपुणता देखाए । त्यसैबाट खुशी भएर श्री ५ राजेन्द्रले यिनलाई तोपखानाको कप्तान बनाइदिए ।

त्यस बखतसम्म पाण्डेहरू नै शक्तिमा थिए । उनीहरू जङ्गबहादुरलाई मन पराउँदैनथे । दुःख पाऊन् भनी उनीहरूले यिनलाई युवराजाधिराज सुरेन्द्र विक्रम शाहको हेर विचार गर्ने काममा खटाइदिए । युवराजाधिराज सुरेन्द्रको साथ रहँदा जङ्गबहादुरले ज्यादै खतरनाक कामहरू गर्नु परेको थियो ।

जेठी महारानी साम्राज्यलक्ष्मीदेवीको मृत्युपछि कान्छी महारानी राज्यलक्ष्मीदेवीको शक्ति बढेको थियो । त्यसै बखत जङ्गबहादुर राजेन्द्र विक्रम शाहको आठपहरिया भए । यिनले रानीको इच्छा अनुसार आफ्नो मामा प्रधान मन्त्री माथवरसिंह थापाको हत्या गरे । माथवरसिंहको हत्यापछि दरबारमा यिनको शक्ति अझ बढ्यो । उनी सेनाको जनरल भए । गगनसिंह चाहिँ महारानीको विशेष कृपाबाट प्रधान सेनापति भए ।

जङ्गबहादुर

दरबारमा गगनसिंहको रवाफ बढेको राजा तथा अरू भारदारहरूलाई मन परेको थिएन । त्यसैले उनको हत्या गरियो । गगनसिंहको हत्यापछि जङ्गबहादुरको भाग्य खुल्यो । महारानीको आज्ञा अनुसार कोतको पटाङ्गिनीमा भारदारहरू जम्मा गरिए । यही मौका छोपी जङ्गबहादुर र उनका भाइहरूले आफ्ना विरोधी सबै भारदारहरूलाई खतम पारे । वि. सं. १९०३ मा भएको यस हत्याकाण्डलाई नेपालको इतिहासमा कोतपर्व भनिन्छ । कोतको यस हत्याकाण्ड-पछि महारानीले जङ्गबहादुरलाई प्रधान मन्त्री तथा प्रधान सेनापति बनाइन् ।

कोतपर्व भएको केही महीनापछि महारानीले आफ्नो छोरा रणेन्द्र विक्रमलाई राज्यको

उत्तराधिकारी बनाउन "सुरेन्द्रको बध गर" भनी जङ्गबहादुरलाई आदेश दिइन् । जङ्गबहादुरले राज्यको वास्तविक उत्तराधिकारी युवराजाधिराज सुरेन्द्र विक्रमलाई मार्न अस्वीकार गरे । अब महारानीले जङ्गबहादुरलाई नै मार्ने योजना बनाउन थालिन् । तर यस षडयन्त्रको रहस्य जङ्गबहादुरका गुप्तचर पण्डित विजयराज पाण्डेबाट खुलिसकेको थियो । जंगबहादुर आफ्ना विश्वासी सैन्यहरू साथ दरबारमा पुगे । पहिले नै त्यहाँ भएका सबैलाई "हतियार राखी दिनू" भन्ने आज्ञा दिए । हातहतियार राखी आत्मसमर्पण गर्नेलाई कैद गरे । नदिनेलाई काट्न लगाए । यो काण्ड इतिहासमा भण्डारखाल पर्वको नामले प्रसिद्ध छ ।

यसपछि जंगबहादुरले भारदारहरूलाई जम्मा गरी महारानीका सम्पूर्ण दोषहरू खोलिएको एक पत्र तयार गर्न लगाए । सोही पत्रमा उनका सम्पूर्ण अधिकारहरू खोसिएको तथा उनलाई काशी जाने आदेश दिइएको कुरा थियो । यसमा श्री ५ महाराजाधिराज राजेन्द्र र युवराजाधिराज सुरेन्द्रको पनि सहिछाप गराइयो । आखिर विवश भई आफ्ना दुई छोराका साथ महारानी काशीतर्फ प्रस्थान गरिन् । राजेन्द्र पनि रानीकै पछि लागे । काशी गए तापनि जंगबहादुरले राजेन्द्र विक्रम शाहलाई नै राजा मानेका थिए । काशीबाट राजेन्द्र विक्रम शाहले जंगबहादुरको विरुद्ध षडयन्त्र गर्न थालेको थाहा पाएर जंगबहादुरले राजेन्द्रलाई राज्यच्युत गरी युवराजाधिराज सुरेन्द्र विक्रम शाहलाई राजगद्दीमा राखे । राजेन्द्रले राजगद्दी फिर्ता लिनको लागि काठमाडौंमा आक्रमण गर्न वीरगञ्ज नजीक अलौ नाउँ गरेको ठाउँमा एक दल तयार पारे । तर काठमाडौंबाट आएको जंगबहादुरको फौजले यस दललाई ध्वस्त पारयो । राजेन्द्र पक्रिए र काठमाडौं ल्याइए । हनुमान ढोका दरबारमा यिनलाई कैद गरियो ।

आफ्नो स्थिति मजबूत पारी सकेपछि वि. सं. १९०६ मा जंगबहादुर यूरोप यात्रा गर्न काठमाडौंबाट हिंडे । सबभन्दा पहिले इंगलैण्ड पुगे । इंगलैण्डकी महारानी विक्टोरियाले जंगबहादुरको ठूलो स्वागत गरिन् । इंगलैण्डपछि जंगबहादुर फ्रान्स पुगे । त्यसपछि यिनी इजिप्टको राजधानी काहिरा हुँदै भारतको बम्बई आई पुगे । त्यहाँबाट काशी भएर नेपाल फर्के । जंगबहादुरको बेलायत यात्राबाट नेपाल र बेलायत बीचको सम्बन्ध घनिष्ट भयो । त्यस बेला तिब्बती अधिकारीहरूले नेपाली व्यापारीहरूलाई कुनै किसिमको सुविस्ता नदिई दुःख दिइरहेका थिए । यसको बदला लिन वि. सं. १९११ मा नेपालले तिब्बत माथि आक्रमण गरयो । अन्तमा तिब्बतले बाध्य भएर नेपालसँग सन्धिको प्रस्ताव राख्नु परयो । वि. सं. १९१२ मा काठमाडौंको थापाथली दरबारमा सन्धि भयो । यस सन्धि अनुसार तिब्बतले नेपाललाई प्रति वर्ष दश हजार रूपियाँ बुझाउनु पर्ने भयो । नेपालीहरूले तिब्बतमा कुनै किसिमको दस्तूर नतिरी व्यापार गर्न पाउने भए ।

वि. सं. १९१४ मा भारतमा भएका सिपाही विद्रोहमा जंगबहादुरले अङ्ग्रेजहरूको सहायताको निम्ति फौज पठाए । यस सहायताको बदलामा नेपाल–अङ्ग्रेज युद्धमा नेपालले गुमाएको

नयाँ मुलुक (बाँके, बर्दिया, कैलाली, कञ्चनपुर) अङ्ग्रेजहरूले नेपाललाई फिर्ता दिए ।

जंगबहादुरले भाइहरूलाई खुशी तुल्याउन आफ्नो ठाउँमा भाइ बमबहादुरलाई प्रधान मन्त्री बनाए । तर भारदारहरूले यो कुरा मन पराएनन् । राजगुरु विजयराज पाण्डे र भारदार-हरूको आग्रह अनुसार श्री ५ सुरेन्द्रले जंगबहादुरलाई कास्की र लमजुङको महाराजाको पद्वी प्रदान गरेको घोषणा गरे । बमबहादुरको मृत्युपछि जंगबहादुर फेरि प्रधान मन्त्री पनि भए । त्यसै बखतदेखि राणा प्रधान मन्त्रीहरूलाई श्री ३ महाराजा भन्ने चलन चलेको हो ।

जंगबहादुरले आफ्नो लामो शासन कालमा केही सुधारका कामहरू गरेका थिए । यिनले अपराधीलाई दिइने अंगभंगको सजाय रोके । बोक्सीको अभियोगमा स्वास्नी मानिसलाई दण्ड दिने प्रथा पनि बन्द गरे । सती प्रथालाई रोक्न यिनले सकभर कोशिश गरेका थिए । हुलाकको राम्रो व्यवस्था गरियो । तराईमा जमीनदार चौधरीहरू नियुक्त गरी मालपोत असूल गर्न लगाए । सेनाको नयाँ ढंगबाट पुनर्गठन गरे ।

जंगबहादुर समय अनुसार काम गर्न जान्ने एक चलाक व्यक्ति थिए । यिनले धेरै हत्या गरेर विरोधीहरूलाई दबाई राज्यको शक्ति आफूमा केन्द्रित पारे । यसले गर्दा त्यस बखत नेपाल-मा राजनीतिक स्थिरता कायम हुन गयो । साथै यिनले प्रधान मन्त्रीको उत्तराधिकारीको रोलक्रम जेष्ठताको आधारमा आफ्ना भाइहरूमा बाँडेर नेपालमा एक निरङ्कुश पारिवारिक शासन शुरू गरे । वि. सं. १९३३ मा जंगबहादुरको मृत्यु भयो ।

अभ्यास

१. राजेन्द्र विक्रम शाहले कुन कुन अधिकार महारानी राज्यलक्ष्मीलाई दिएका थिए ? बताउनुहोस् ।

२. राजेन्द्र विक्रम शाहले आफ्नो जीवनको अन्तिम समय कसरी बिताउनु परयो ? वर्णन गर्नु-होस् ।

३. महारानी राज्यलक्ष्मी देवीले माथवरसिंह थापालाई प्रधान मन्त्री किन बनाउन चाहिन् ? बताउनुहोस् ।

४. माथवरसिंह थापा मारिनाको कारण बताउनुहोस् ।

५. जंगबहादुर कसरी प्रधान मन्त्री भए ? बताउनुहोस् ।

६. जंगबहादुरको प्रधान मन्त्रित्व कालमा भएको नेपाल तिब्बत युद्धको वर्णन गर्नुहोस् ।

७. राणा प्रधान मन्त्रीहरूलाई श्री ३ महाराजा किन भनेको हो ? कारण बताउनुहोस् ।

८. जंगबहादुरले गरेका सुधारहरू लेख्नुहोस् ।

९. जंगबहादुरले राज्यको शक्ति आफूमा केन्द्रित पार्दा के परिणाम निस्क्यो ? बताउनुहोस् ।

श्री ५ त्रिभुवन

श्री ५ त्रिभुवनको जन्म सम्वत् १९६३ मा भएको थियो । विक्रम सम्वत् १९६८ मा श्री ५ पृथ्वी वीर विक्रम शाहको स्वर्गारोहण भएकोले ५ वर्षको उमेरमा त्रिभुवन राजा भए । राणा प्रधान मन्त्री चन्द्र शमशेरले श्री ५ त्रिभुवन दरबारभित्र भोगविलासमा मात्र अल्मलिइरहुन् र राणा शासनको विरोधमा जाने मौका नपाऊन् भनेर सोही बमोजिमको व्यवस्था मिलाएका थिए । तर श्री ५ त्रिभुवनले आफू र जनतालाई राणा जहाँनिया शासनको बन्धनबाट हटाउन दृढ निश्चय गरे ।

श्री ५ त्रिभुवन

वि. सं. १९९३ सालको जेष्ठ महीनामा राणा शासनको विरोधमा काठमाडौंमा नेपाल प्रजापरिषद् नाम गरेको संस्था स्थापना भयो । श्री ५ त्रिभुवनले धर्मभक्त मार्फत त्यस संस्थासग सम्पर्क राखे । यसरी श्री ५ त्रिभुवनले जनतासँग सम्पर्क राख्न लागेको थाहा पाएर तत्कालीन राणा प्रधान मन्त्री जुद्ध शमशेरले राजालाई झन् कडा पहरामा राखे । प्रजापरिषद्का कार्यकर्ताहरू पक्रिए र चार जनालाई मृत्युदण्ड दिइयो ।

आखिर विवश भएर राजगद्दीको समेत परवाह नगरी २००७ सालको कार्तिक महीनामा श्री ५ त्रिभुवन सपरिवार भारतीय राजदूतावासमा गए । केही दिनपछि वायुयानद्वारा दिल्ली-तर्फ प्रस्थान गरे । त्यसै बेला राणा शासनको विरुद्ध नेपाली काङ्ग्रेसले देशव्यापी सशस्त्र क्रान्ति शुरू गरयो । दिल्लीमा भारतका प्रधान मन्त्री जवाहरलाल नेहरूको मध्यस्थतामा नेपाली काङ्ग्रेस र राणा शासकहरू बीच सम्झौता भयो । यस सम्झौता अनुसार श्री ५ त्रिभुवनको नेतृत्वमा राणा तर्फका ५ जना र जनता तर्फका ५ जना गरी जम्मा १० जनाको मन्त्रीमण्डल गठन हुने भयो । यसले गर्दा १०४ वर्षसम्मको राणा शासनको अन्त भयो ।

यसपछि २००७ साल फागुन ४ गते श्री ५ त्रिभुवन स्वदेश फर्केर फाल्गुन ७ गते उपरोक्त अनुसारको मन्त्रिमण्डल गठन भयो। यस प्रकार प्रजाको सहयोग लिएर राजाले नेपालमा प्रजातान्त्रिक व्यवस्थाको स्थापना गरे ।

प्रजातान्त्रिक व्यवस्था स्थापना भए पछि पनि देशमा शान्ति कायम हुन नसकेकोले श्री ५ त्रिभुवनलाई ठूलो चिन्ता लागेको थियो । यसै बेला उनलाई हृदयको रोग लाग्यो । स्वीट्ज-

लैण्डमा गएर औषधी उपचार गर्दा पनि रोग निको भएन। आखिर २०११ साल फागुन ३० का दिन जुरिचको हस्पिटलमा श्री ५ त्रिभुवनको स्वर्गारोहण भयो ।

अन्याय र अत्याचारको परिस्थितिबाट प्रजालाई छुटाउने, राजगद्दीको समेत पर्वाह नगर्ने, प्रजालाई राजनीतिक अधिकार सुम्पने, श्री ५ त्रिभुवन जस्ता आदर्श राजा इतिहासमा दुर्लभै छन् । नेपाली जनता मौसूफलाई राष्ट्रपिताको रूपमा आदर गर्दछन् ।

प्रजातन्त्रको प्रादुर्भाव

वि. सं. १९९३ सालमा केही चेतनशील युवकहरूले राणाशासन अन्त गर्ने लक्ष्य लिएर काठमाडौंमा प्रजापरिषद् नामक संस्था स्थापना गरेका थिए । त्यस संस्था र श्री ५ त्रिभुवनको बीचमा धर्मभक्त मार्फत सम्बन्ध कायम भएको कुरा माथि पनि उल्लेख भै सकेको छ । राणा सरकारले त्यस संस्थाका कार्यकर्ताहरू दशरथ चन्द, गंगालाल, धर्मभक्त, शुक्रराजलाई पक्री मृत्युदण्ड दियो । टंकप्रसाद आचार्य, रामहरी शर्मा, गणेशमान आदिलाई कठोर काराबासको सजायँ दिइयो ।

वि. सं. २००३ सालमा छिमेकी राष्ट्र भारत अङ्ग्रेजहरूको शासनबाट मुक्त भइसकेको थियो । यसको प्रभाव नेपालीहरूमा पनि पर्नु स्वाभाविकै थियो । भारत स्वतन्त्र भएको केही महीनापछि काशीमा नेपाली युवकहरूले अखिल भारतीय नेपाल राष्ट्रिय काङ्ग्रेसको स्थापना गरे । त्यस संस्थाले कलकत्तामा एक सभा गरी संस्थाको नाम नेपाली राष्ट्रिय काङ्ग्रेस राख्यो । यसको उद्देश्य नेपालमा महाराजाधिराजको वैधानिक नायकत्वमा जनताको प्रतिनिधि सरकार खडा गर्ने थियो ।

वि. सं. २००४ सालको फागुन महीनामा विराटनगरको मिलहरूमा काम गर्ने मजदूरहरूले आफ्नो हक प्राप्तिको निमित्त हडताल गरे । यसमा काङ्ग्रेसका नेताहरूले सहयोग गरे । देशको अरू भागमा पनि आन्दोलन शुरू भयो । यो देखेर तत्कालीन राणा प्रधान मन्त्री पद्म शमशेरले वि. स. २००४ सालमा नयाँ विधानको घोषणा गरी जनतालाई केही राजनीतिक अधिकार दिन खोजे । तर मोहन शमशेर, बबर शमशेर आदि राणाहरूले यसको विरोध गरेकाले यो विधान लागू हुन सकेन ।

२००५ सालमा मोहन शमशेर प्रधान मन्त्री थिए। उनी जनतालाई कुनै हक र अधिकार दिन चाहँदैन थिए। उनले नेपाली राष्ट्रिय काङ्ग्रेसलाई अवैध घोषणा गरे। त्यसै बेला त्रिपुरवर-सिंह, विजयबहादुर मल्ल, गोपाल दास आदिले राष्ट्रिय चेतना जगाउन नेपाल प्रजा पञ्चायत संस्थाको स्थापना गरेका थिए । मोहन शमशेरलाई यो सह्य भएन। प्रजा पञ्चायतका सबै कार्यकर्ताहरूलाई जेलको सजायँ दिए ।

त्यसैताका कलकत्तामा नेपाल प्रजातन्त्र काङ्ग्रेसको स्थापना भयो । पछि वि. सं. २००७ सालमा नेपाली राष्ट्रिय काङ्ग्रेस र नेपाल प्रजातन्त्र काङ्ग्रेस दुवै संस्थाका प्रतिनिधिहरूको कलकत्तामा सम्मेलन भयो । त्यस सम्मेलनले दुवै संस्थाहरूलाई मिलाई नेपाली काङ्ग्रेस भन्ने नाम राख्यो । त्यसको केही महीनापछि नेपाली काङ्ग्रेसले बेरगनियामा सम्मेलन गरयो र यथाशीघ्र नेपालमा शसस्त्र क्रान्ति गर्ने निर्णय गरयो ।

यता राणा शासक मोहन शमशेरले जनताको मागलाई वास्तै नगरी कडा दमन नीति अनुसरण गर्न छोडेनन् । श्री ५ त्रिभुवनलाई पनि झन् कडा पहरामा राख्न थाले । आखिर विवश भएर २००७ सालको कार्तिक २१ गते श्री ५ त्रिभुवन सपरिवार भारतीय राजदूतावासमा गए । मोहन शमशेरले श्री ५ त्रिभुवनलाई भारतीय राजदूतावासबाट फर्काउन अनेक प्रयत्न गरे । तर सफल भएनन् । मोहन शमशेरले श्री ५ त्रिभुवनको ३ वर्षीय माहिला नाति ज्ञानेन्द्र वीर विक्रम शाहलाई राजगद्दीमा राखे । श्री ५ त्रिभुवन वायुयानद्वारा दिल्ली प्रस्थान गरे । तर कुनै पनि राष्ट्रले मोहन शमशेरको यस कार्वाईलाई समर्थन गरेनन् । यस घटनाले गर्दा सारा राजभक्त नेपालीहरू निरंकुश राणा शासनको विरोधमा नेपालव्यापी क्रान्ति गर्न तयार भए । नेपाली काङ्ग्रेसले देशव्यापी सशस्त्र क्रान्ति छेड्यो । आखिर दिल्लीमा भारतका प्रधान मन्त्री जवाहरलाल नेहरूको मध्यस्थतामा नेपाली काङ्ग्रेस र राणा शासकका प्रतिनिधिहरूको बीच सम्झौता भयो । त्यस अनुसार राणातर्फबाट पाँच जना र नेपाली काङ्ग्रेस तर्फबाट पाँच जना मन्त्रीहरू राखी श्री ५ त्रिभुवनको नेतृत्वमा मन्त्रिमण्डल गठन गर्ने निर्णय भयो । त्यसपछि २००७ साल फागुन ४ गते श्री ५ त्रिभुवन स्वदेश फर्के । श्री ५ त्रिभुवनले २००७ साल फागुन ७ गतेको दिन मन्त्रिमण्डल गठन गरी नेपालमा प्रजातन्त्र स्थापना गरे । त्यसै दिनदेखि नेपालमा निरंकुश राणा पारिवारिक शासनको अन्त भयो ।

अभ्यास

१. श्री ५ त्रिभुवनको जीवनी छोटकरीमा लेख्नुहोस् ।
२. नेपाली काङ्ग्रेसको स्थापना कसरी भयो बताउनुहोस् ।
३. नेपालमा प्रजातन्त्र स्थापनाको लागि श्री ५ त्रिभुवनबाट भएका प्रयत्नहरू वर्णन गर्नुहोस् ।
४. नेपालको इतिहासमा श्री ५ त्रिभुवनको स्थान बताउनुहोस् ।

विश्वका धार्मिक महा–पुरूषहरू

गौतम बुद्ध

गौतम बुद्धको जन्म ५६७ ई. पू. मा कपिलवस्तुको शाक्य राजकुलमा भएको थियो । उनका बाबुको नाम शुद्धोदन र आमाको नाम मायादेवी थियो । बाल्यावस्थादेखि नै गौतम गम्भीर स्वभावका थिए । सुखका सामग्रीहरूले उनलाई आनन्दित पारेको थिएन । उनको विवाह देवदह राज्यकी राजकुमारी यशोधरादेवीसँग सम्पन्न भएको थियो । उनीबाट एक छोरा पनि

बुद्ध

जन्मेका थिए । तर गौतमले पुत्रको जन्मलाई सुख नठानी बन्धन ठाने । बुढ्याइ, रोग र मृत्युका दृश्यहरूले उनको मनको विरक्त भावलाई झन् झन् तीव्र पारयो । कसरी दुःखबाट छुटकारा हुन्छ भन्ने कुराको चिन्तन गर्न लागे । आखिर २९ वर्षको उमेरमा आफ्नी पत्नी यशोधरा र बालक छोरालाई सुतिरहेको अवस्थामा त्यागेर मध्य रातमा दरबारबाट बाहिर निस्की जंगलतिर लागे । ज्ञानको खोजीको सिलसिलामा गौतम मगध (बिहार) को राजगिरी आसपास तपस्या गरी बसेका सन्यासीहरूको आश्रममा केही समय बसेर तिनीहरूको उपदेश सुने । त्यहाँबाट उर्बेला नामक स्थानमा पुगे । त्यहीं वनमा अन्न समेत त्यागी कठोर तपस्या गर्न बसे । उनले शरीरलाई सुकाए, तर ज्ञान प्राप्त भएन । तप साधनबाट मात्र ज्ञान प्राप्त हुन सक्तैन रहेछ भन्ने उनले

विचार गरे । आखिर बोधगया नजीकैको जंगलमा गएर पिपलको रूखमनि बसी ध्यान गर्न थाले । त्यहाँ उनलाई ज्ञान प्राप्त भयो । उनी "बुद्ध" कहलाइए । ज्ञान प्राप्त भएपछि गौतम बुद्ध वनारसको नजीक सारनाथमा गएर त्यहाँ सर्वप्रथम धर्मोपदेश गरे । दिन परदिन बुद्धका अनुयायीहरूको संख्या बढ्दै गयो । पैंतालीस वर्षसम्म निरन्तर उपदेश दिएर ८० वर्षको उमेरमा कुशीनारामा गौतम बुद्धले देहत्याग गरे । गौतम बुद्धको जन्म, ज्ञान प्राप्ति र देहत्याग तीनै कुरा वैशाख पूर्णिमाका दिन भएको मानिन्छ ।

बुद्धका उपदेशहरू निम्न प्रकारका छन्–

संसार दुःखमय छ । दुःखको मूल कारण तृष्णा हो । यही तृष्णाले गर्दा मानिसहरू संसारमा जन्म लिई रहन्छन् र दुःखमा अल्झिरहन्छन् । दुःखबाट छुट्न बुद्धले आठ वटा उपायहरू बताएका छन् । ती हुन्– (१) सत्विश्वास (२) सत्संकल्प (३) सत्वचन (४) सत्कर्म (५) सत्जीविका (६) सत्चेष्टा (७) सत्स्मृति (८) समाधि । बुद्धले सत्कर्ममा बढी जोड दिएका छन् । ती हुन्– मन, वचन, कर्मले पवित्र रहनु, झूठो नबोल्नु, जीव हिंसा नगर्नु, व्यभिचार नगर्नु, खराब भावनालाई मनमा आउन नदिनु, नचोर्नु, असल पेशामा लाग्नु ।

ईसा मसिह (जीसस क्राइष्ट)

जीसस क्राइष्ट

EDUCATION ... ACCESSION ... 16048 ... INFORMATION CENTRE

ईसाई धर्मका संस्थापक जीसस क्राइष्ट हुन् । उनको जन्म पेलिस्टाइनको एक यहुदी परिवारमा भएको थियो । उनको बाबुको नाम जसेफ र आमाको नाम मेरी थियो । उनीहरू उत्तरी पेलिस्टाइनको नाजेरथ शहरका निवासी थिए ।

पेलिस्टाइन त्यस बेला रोम साम्राज्यको अधीनमा थियो । रोमको सरकारले पेलिस्टाइनमा जनगणना गर्ने सूचना निकाले । आफ्नै पत्नी मेरीसहित जसेफ आफ्नो परिवारको नाम र संख्या लेखाउन बेथ्लीअम् शहर गए । डेरा नपाइनाले एउटा तबेलामा बास बसे । त्यहीं जीससको जन्म भयो । जीससको जन्म भएको दिन डिसेम्बर महीनाको २५ तारीख हो भनी मानी आएको छ ।

बालक जीसस नाजेरथमा हुर्के बढे । सानै उमेरमा यिनले यहुदी धर्मग्रन्थको अध्ययन पूरा गरे । बाह्र वर्षको उमेर पुग्दा त जेरूसेलमको प्रसिद्ध मन्दिरमा धर्मका प्रकाण्ड विद्वान्हरूका साथ शास्त्रार्थ गर्न बसेका थिए । त्यहाँ उनले प्रदर्शन गरेको ज्ञान र बोध देख्दा सबै चकित परेका थिए ।

केही वर्षपछि जीससले धार्मिक उपदेश दिने कार्य शुरू गरे । अब पृथ्वीमा ईश्वरीय राज्य स्थापना हुने कुराको घोषणा गरे । यस राज्यको व्यवस्थाको लागि ईश्वरले उनलाई आफ्नो प्रतिनिधिको रूपमा पठाउनु भएको हो । अतएव उनी ईश्वरको प्रतिनिधि तथा यहुदीहरूको उद्धारक हुन् भन्ने कुरा प्रचार गरे । जिससका अनुयायीहरूको संख्या बढ्दै गयो ।

जीससले आफूलाई ईश्वरको प्रतिनिधि तथा यहुदीहरूको उद्धारक युगपुरुष हुँ भनी दावी गरेको कुरालाई यहुदी धार्मिक नेताहरूले अस्वीकार गरे । उनीहरूले उनको यस दावीलाई ईश्वर निन्दा र राजद्रोह हो भनी विरोध प्रकट गरे । यस कुरा जनाई रोमन प्रशासक पन्टि-यस पाइलेट सामु उजूर गरे । जीससमाथि राजद्रोहको झूठो अभियोग लगाइयो । उनलाई क्रसमा टाँगी मृत्यु दण्ड दिइयो । यसरी एक जना महान् धार्मिक युगपुरुषको ज्यान लिइयो ।

ईसा मसिहको उपदेश निम्न प्रकारका छन्–

परमेश्वर एक हुनु हुन्छ । परमेश्वर सबैका पिता हुनु हुन्छ । परमेश्वरको इच्छालाई सबैले स्वीकार गर्नुपर्छ । प्राणीमाथि दया, करुणाको भाव राख्नु पर्छ । अरूको दुःख शोकमा सहभागि बन्नु पर्छ । आफू जहाँ रह्यो त्यहाँका सबैसँग भ्रातृ भावले रहनु पर्छ । सदाचारी बन्नु, शान्तिकार्यमा लाग्नु, पापीलाई होइन पापलाई घृणा गर्नु, प्रेमले शत्रुको हृदय जित्नु, क्षमा गर्नु आदि कुरामा ईसाले जोड दिएका छन् । धनी होस् वा गरीब, सत्जीवन बिताउने दुःख र कष्टमा परेकाको भलाई गर्ने, मानव सेवा नै परमेश्वरको सेवा हो भन्ने सम्झने व्यक्तिले अवश्य नै स्वर्गको सुख प्राप्त गर्दछ भन्ने ईसाको वचन थियो ।

पैगम्बर मुहम्मद

इस्लाम धर्मका प्रचारक मुहम्मद हुन् । यिनको जन्म सन् ५७० ई. मा अरेबियाको मक्का शहरमा एउटा अरब परिवारमा भएको थियो । मुहम्मदले खादिजा नामकी एक धनी विधवा स्त्रीकहाँ नोकरी गरेका थिए । पछि उनैसँग उनको विवाह भयो । यस विवाहले गर्दा उनलाई धन कमाउने तर्फ त्यति लाग्नु परेन । उनले ईश्वर चिन्तन गर्ने समय पाए ।

व्यापारिक सम्बन्धमा मुहम्मद अरब देश नजीकैको सिरिया र पेलिस्टाइन् शहरहरूमा जानुपर्थ्यो । त्यहाँ यहुदी र ईसाईहरू एउटै ईश्वरको मात्र प्रार्थना गर्दथे । अरेबियामा जस्तो देवताहरूको मूर्ति पूजा गर्ने चलन थिएन । अतः ईसाईहरूको एकेश्वरवादले मुहम्मदलाई प्रभावित पारेको थियो । बराबर मक्का शहर बाहिरको हीरा गुफामा पसेर घण्टौं ईश्वरको चिन्तन गर्थे । उनको उमेर ४० वर्ष पुगेको थियो । एक दिन अचानक उनलाई ईश्वरीय ज्ञान प्राप्त भयो । मुहम्मदले ईश्वरबाट प्राप्त गरेको ज्ञान जनतामा प्रचार गर्न शुरू गरे । दिनपर दिन उनको अनुयायीहरूको संख्या बढ्दै गयो । उनको अनुयायीहरूको संख्या बढेको देखेर मक्कामा अधिकारी वर्गहरूले उनलाई मार्ने षडयन्त्र गरे । ज्यान खतरामा परेको देखेर मुहम्मद मक्काबाट सन् ६३२ मा मदिनामा भागे । मदिना शहरमा उनको राम्रो स्वागत भयो । उनी मक्काबाट मदिना भागेको सालदेखि उनका अनुयायीहरूले नयाँ सम्बत् शुरू गरे । त्यसैलाई हिजरा सम्बत् भनिन्छ ।

मदिनामा धेरै मानिसहरू मुहम्मदका अनुयायी बने । मदिना निवासीहरूको सहायताबाट मुहम्मदले मक्कामाथि विजय प्राप्त गरे । त्यहाँका जनतालाई उनको धर्म मानेको खण्डमा छोडी दिने वचन दिए । मक्का विजयपछि मुहम्मदको शक्ति बढ्दै गयो । अरेबियाका धेरै नेताहरूले उनको धर्म माने । इस्लाम धर्मको जग मजबूत पारी सकेपछि सन् ६३२ मा मुहम्मदको मृत्यु भयो ।

मुहम्मदको उपदेशहरू निम्न प्रकार छन् –

अल्लाह (ईश्वर) एक हुनु हुन्छ । उहाँ शक्तिमान् हुनुहुन्छ । अल्लाहको आज्ञा सबैले मान्नु पर्छ । अल्लाह बाहेक अरू कुनै देवता छैन र मुहम्मद उहाँको पैगम्बर हुनुहुन्छ । मूर्ति-पूजा गर्नु हुँदैन । ईश्वरको प्रार्थना गर्नु, दान दिनु, अतिथि सत्कार गर्नु तथा धर्म रक्षा गर्नु मुसलमानहरूको कर्तव्य मानिएको छ ।

शंकराचार्य

शंकराचार्यको जन्म सन् ७८८ मा दक्षिण भारतको केरल प्रदेशमा भएको थियो । बालक-कालदेखिन् शंकराचार्यमा असाधारण प्रतिभा देखिन्थ्यो । सात वर्षको उमेरमा त यिनले

वेद वेदान्तको अध्ययन पूरा गरिसकेका थिए । यिनको असाधारण बुद्धि देखेर यिनका गुरु-जन पनि छक्क परेका थिए ।

शंकराचार्य

शकराचार्यले सन्यासलिने विचार गरे । यसको निम्ति यिनले आमासँग अनुमति मागे । छोराको कुरा सुनेर आमाको आँखाबाट आँसुका धारा बहन थाल्यो । आमालाई अनेक किसि-मले संझाए । अन्तिम समयमा आमाको मुख हेर्न फर्किने आश्वासन दिएर यिनी घरबाट निस्के । यस बखत यिनको उमेर आठ वर्षको मात्र थियो ।

घरबाट निस्केर शंकराचार्य नर्मदा नदीको किनारामा स्वामी गोविन्द भगवत्पादको आश्रममा गए । यिनै गुरुबाट दीक्षा लिए । स्वामी गोविन्दले यिनलाई वेदान्तको सिद्धान्त सजिलै-सँग सम्झाए । करीब तीन वर्षसम्म त्यहाँ बसेपछि गुरुको आज्ञा अनुसार यिनी काशी गए । काशीमा यिनी मणिकर्णिका घाट नजीक एक ठाउँमा बसे । त्यहाँ यिनको नाउँ फैलियो । मानिस-हरू धेरै संख्यामा यिनको उपदेश सुन्न आए । यिनले धेरैलाई आफ्नो शिष्य बनाए । काशीबाट यिनी कुरुक्षेत्र हुँदै बदरिकाश्रम गए । यिनले लेखेका सबै जसो ग्रन्थहरू काशी अथवा बदरिका-श्रममै बाह्रदेखिन् सोह्र वर्षको उमेरमा लेखेको पाइन्छ । बदरिकाश्रमबाट यिनी प्रयाग गए ।

मण्डन मिश्रकहाँ शास्त्रार्थ गन गए । शास्त्रार्थमा मण्डन मिश्रको हार भयो । उनी शंकराचार्यका शिष्य बने । यिनै मण्डन मिश्रको नाम पछि सुरेश्वराचार्य रह्यो ।

शंकराचार्य महाराष्ट्र हुँदै दक्षिण भारत फर्के । त्यसै बखत यिनकी आमा मृत्यु शैय्यामा थिइन् । यिनी घर गएर आफ्नी आमाको अन्तिम दर्शन गरे । आमाको अन्त्येष्टी गरेपछि विभिन्न तीर्थस्थलको भ्रमणमा हिंडे । ३२ वर्षको उमेरमा सन् ८२० मा यिनको मृत्यु भयो ।

शंकराचार्यले रचना गरेका ग्रन्थहरूमा उपनिषद्, भगवत् गीता तथा ब्रह्म–सूत्रका भाष्यहरू मुख्य छन् ।

शंकराचार्यको उपदेश यस प्रकारको छ–

संसारमा देखिने कुनै पनि वस्तुहरू नित्य छैनन् । नित्य वस्तु हो एक मात्र चेतन सत्ता । यसैलाई आत्म सत्ताको रूपमा जान्न सकिन्छ । जबसम्म यो आत्म सत्ताको ज्ञान हुँदैन, तबसम्म कुनै पनि जीव दुःखरहित हुन सक्दैन । व्यक्तिको सम्पूर्ण चेष्टा यही आत्मबोधको निमित्त हुनु पर्छ ।

अभ्यास

१. गौतम बुद्धको जन्म, ज्ञान प्राप्ति र देहान्त कहिले र कहाँ भयो लेख्नुहोस् ।
२. गौतम बुद्धको भनाइ अनुसार संसारमा दुःखको मूल कारण के हो ? बताउनुहोस् ।
३. दुःखबाट छुट्न बुद्धले बताएका आठ उपायहरू कुन कुन हुन् ? लेख्नुहोस् ।
४. जीससको जन्म कहाँ भएको थियो ? बताउनुहोस् ।
५. जीससको समयमा पेलिस्टाइन् कुन देशको अधीनमा थियो ? लेख्नुहोस् ।
६. जीससमाथि कुन कुन अभियोगहरू लगाइएको थियो ? बताउनुहोस् ।
७. जीससका उपदेशहरू छोटकरीमा आफ्नो वाक्यमा लेख्नुहोस् ।
८. मुहम्मदले कसरी ज्ञान प्राप्त गरे ? बताउनुहोस् ।
९. मुहम्मदलाई मक्काबाट मदिनामा किन भाग्नु परेको थियो ? बताउनुहोस् ।

१०. हिजरा सम्वत् कहिलेदेखिन् शुरू भएको हो ? बताउनुहोस् ।

११. मुहम्मदका उपदेशहरू बताउनुहोस् ।

१२. शंकराचार्यको जीवनी छोटकरीमा लेख्नुहोस् ।

१३. शंकराचार्यले रचना गरेका मुख्य ग्रन्थहरूको नाम बताउनुहोस् ।

१४. शंकराचार्यका उपदेशहरू बताउनुहोस् ।

विश्वका महा-पुरुषहरू

महात्मा गान्धी

मोहनदास कर्मचन्द गान्धीको जन्म सन् १८६९ मा भारतको गुजरात प्रान्तमा भएको थियो । यिनका बाबुको नाम कर्मचन्द गान्धी र आमाको नाम पुतलीवाई थियो । मेट्रिक पास भएपछि एक जना नातादारले यिनलाई इंगलैण्डमा पढ्न जाने सल्लाह दिए । गान्धीले इंगलैण्डमा कानून विषय लिई अध्ययन गरे । अध्ययन पूरा गरी सकेपछि भारत फर्के । त्यसपछि एक जना भारतीय व्यापारीको मुद्दाको सिलसिलामा गान्धी दक्षिण अफ्रिका गए । त्यहाँ गोरा जातिको सरकारले भारतीय मूलका मानिसहरू माथि अपनाएको भेदभावको नीति देखेर यिनी ज्यादै दुःखी भए । यिनले स्वयं पनि धेरै अपमानहरू सहनु परेको थियो । भारतीय तथा काला जातिका मानिसहरूको पक्षमा न्यायको लागि यिनले शान्तिपूर्ण तरीकाबाट संघर्ष गरेका थिए ।

महात्मा गान्धी

गान्धी दक्षिण अफ्रिकाबाट भारत फर्के । भारतमा जनताले विदेशी अङ्ग्रेज सरकार समक्ष राजनीतिक अधिकारको माग गरी आन्दोलन गरिरहेका थिए । अङ्ग्रेज शासकले आन्दोलनलाई

दबाउन रोलेट एक्ट नाउँ गरेको कानून लागू गरे । जलियाना भन्ने ठाउँको एउटा बगैंचामा सभा गर्न भेला भएका निःशस्त्र जनसमूहमाथि अङ्ग्रेजहरूले विना सूचना गोली बर्साए । सयौं मानिस घटनास्थलमै मरे । अङ्ग्रेज शासकको यस दमन नीतिको विरोधमा गान्धीले असहयोग आन्दोलन शुरू गरे । यस आन्दोलनको मुख्य उद्देश्य सरकारको काममा कुनै किसिमको पनि सहयोग नगर्नु थियो । यस आन्दोलनले देशव्यापी रूप लियो ।

यसरी गान्धीले जनसाधारणमा राजनीतिक चेतना ल्याए । यस्तो बखत अङ्ग्रेज सरकारले जनसाधारणलाई चाहिने अत्यावश्यक सामान नूनमाथिको कर दोब्बर गरे । सो नूनमाथि लगाइएको कर तोड्न गान्धी आफ्ना अनुयायीहरूका साथ साबरमतीको आश्रमबाट दाँडीतर्फ पैदल हिंडे । भारतको इतिहासमा गान्धीको यस अभियानलाई दाँडी मार्च भन्दछन् । दाँडी पुगेर गान्धीले समुद्रबाट नून निकालेर नून कानूनलाई भंग गरे । भारत भरी यसरी नै नून कानूनको विरोध गरियो । अङ्ग्रेज सरकारले गान्धीलाई कैद गरे । तर केही समयपछि यिनलाई छाडी दिए । सन् १९३१ मा बृटिश सरकारद्वारा भारतको शासन व्यवस्थामा सुधार ल्याउन लण्डनमा बोलाइएको गोल मेच बैठकमा भाग लिन गान्धी लण्डन गए । तर मुसलमानहरूले उनीहरूको अलग्गै प्रतिनिधि हुनु पर्ने भनी गरेको माग तथा अन्य कुराहरूले गर्दा बैठक कुनै निर्णय विना त्यसै भंग भयो ।

सन् १९३९ मा द्वितीय विश्वयुद्ध शुरू भयो । जापानी आक्रमणकारीहरू भारततर्फ बढ्दै आएको हुँदा अङ्ग्रेज सरकारले भारतीय जनतालाई आफ्नो पक्षमा मिलाई राख्न चाहे । युद्ध सकिएपछि स्वराज्य दिने कुराको आश्वासन दिएका थिए । सरकारले ३० मार्च १९४२ का दिन क्रिप्स योजना प्रकाशित गरे । यस योजनामा भारतलाई विश्वयुद्धपछि बृटिश राष्ट्र संघ अन्तर्गत अधिराज्य स्थिति दिने कुरा थियो । काङ्ग्रेसले उक्त योजना अस्वीकार गरयो ।

गान्धीको नेतृत्वमा काङ्ग्रेसले "भारत छोड"को नारा लगायो । आन्दोलन सम्पूर्ण देशमा फैलियो ।

मुसलमानहरूको छुट्टै संख्या मुस्लीम लिगले सन् १९४० देखि नै मुसलमानहरूको एउटा छुट्टै पाकिस्तान राज्यको माग गर्दै आएको थियो । काङ्ग्रेसले यस कुराको विरोध गरेका थिए । ठाउँ ठाउँमा हिन्दू मुसलमान बीच ठूलो हिंसात्मक दंगाहरू भयो । गान्धीले यी दुई परस्पर विरोधी समुदायमा मेलमिलाप ल्याउन प्रयत्न गरे, तर केही लागेन ।

बृटिश सरकारले २० फरवरी १९४७ मा भारतीयहरूको हातमा सत्ता सुम्पने घोषणा गरयो । पाकिस्तानको माग स्वीकार गरियो । मुसलमानहरू बहु–संख्यामा भएका प्रदेशहरू पञ्जाब

र बंगाल सम्मिलित गरी एउटा छुट्टै मुसलमानराज्य पाकिस्तान खडा हुन भयो । १५ अगस्त १९४७ का दिन भारत स्वतन्त्र भयो ।

३० जनवरी १९४८ को साँझमा नाथुराम गोडसे नाउँका एक व्यक्तिले गान्धीको हत्या गरयो । सारा भारतवासीहरू यिनको हत्याबाट शोकाकुल भए । गान्धीले अहिंसाको तरीका अपनाएर भारतलाई विदेशी शासनबाट मुक्त पारे । गान्धीको नाम भारतको इतिहासमा अमर रहेको छ ।

सन्–यात्सेन

सन् – यात्सेन आधुनिक चीनका एक महान् नेता हुन् । यिनको जन्म सन् १८६७ मा चीनको एक किसान परिवारमा भएको थियो । विद्यालयमा शिक्षा हासिल गरी सकेपछि मेडिसिनको स्नातकको परीक्षामा उत्तीर्ण भए । यसपछि केही कालसम्म डा. सन्–यात्सेन औषधी

सन्–यात्सेन

उपचार गर्ने काममा लागे । त्यसै बेला मंचुवंशका सम्राटहरूको अयोग्यताले गर्दा चीनको हालत खराब हुँदै गइरहेको थियो । जर्मनी, ब्रुटेन आदि विदेशी शक्तिहरूले चीनको मुख्य मुख्य

भागहरू माथि अधिकार गद गरेका थिए। सन् १८९४ मा भएको चीन–जापान युद्धमा चीनको पराजयले गर्दा चीनिया नवयुवकहरूमा असन्तोष बढ्यो । यो सबै हुनुको कारण नवयुवक चीनियाहरूले मंचुवंशको कमजोरीलाई ठाने । डाक्टरी पेशालाई छोडेर सन्–यात्सेनले गुप्त क्रान्तिकारी राजनीतिक दलको संगठन गरी ठाउँ ठाउँमा विद्रोहको आगो सल्काए। यिनी भागेर विदेशिनु परयो । जापानको राजधानी टोकियोमा क्रान्तिकारी चीनियाहरूले ठूलो सभा गरे । आफ्नो भाषणमा उनले आफ्नो राजनीतिक सिद्धान्तहरू बताए । ती हुन्– राष्ट्रियता, लोकतन्त्र र रोजगारी । डा. सन्–यात्सेन हरेश नखाईकन निरन्तर क्रान्तिकारी काममा लागि नै रहे । चीनिया जनरल युआन शि–काईसँग मिलेर क्रान्ति गरी सन् १९११ मा मंचुराजवंशको अन्त गरे ।

राज्यक्रान्तिपछि चीन गणतन्त्र घोषित भएतापनि वास्तविक प्रजातन्त्रको स्थापना हुन सकेन । युआन शि–काईले उत्तरी चीन अर्थात् पेकिङ्गमा आफ्नो एकाधिपत्य स्थापना गरे । शक्ति हातमा लिएको युआन शि–काईले क्रान्तिकारी राष्ट्रवादीहरूलाई दबाउने नीति चाल्न लागे । यो देखी डा. सन्–यात्सेनले दक्षिण चीन अर्थात् केन्टनमा कुओ मिन्टाङ्ग दल (राष्ट्र-वादी दल) खडा गरे । युआन शि–काईले कुओ मिन्टाङ्ग दल उपर दमन नीति अपनाए । यसै बीच प्रथम विश्व युद्ध शुरू भयो । यसै बेला मौका छोपेर युआन शि–काईले सम्राट् बन्ने प्रयत्न गरे । तर दक्षिण चीनका जनताले विरोध गरेकोले उनको इच्छा पूरा हुन सकेन। सन् १९१६ मा यूआन शिकाईको अकस्मात् मृत्यु भयो ।

युआन शि–काईको मृत्युपछि उत्तर चीनमा अव्यवस्था शुरू हुन थाल्यो । त्यहाँ ठूला ठूला सैनिक नेताहरूले भिन्नभिन्न स्थानमा स्वतन्त्र भई आ–आफ्नो सरकार बनाउन प्रयत्न गर्न थाले । केन्टन स्थित सन्–यात्सेनको सरकारलाई सम्पूर्ण चीनले मान्यता प्रदान गरेन । सन्–यात्सेनले आफ्नो सरकारलाई मजबूत पार्न रूसको कम्युनिष्ट पार्टिको सहयोग मागे । रूस सरकारले सहयोग गर्नुको साथै सन् १९२२ मा माइकल बोरोलिन नामक रूसी कम्युनिष्टलाई कुओ मिन्टाङ्ग सरकारको सल्लाहकार बनाई केन्टनमा पठाए । चीनमा सर्वत्र कुओ मिन्टाङ्ग दलका शाखाहरू खोलिन थाल्यो ।

सन् १९२४ ई. मा कुओ मिन्टाङ्ग दलको महासभाको पहिलो अधिवेशन भयो । यस संस्थाका अध्यक्ष पदमा डा. सन्–यात्सेन निर्वाचित भए । महासभामा कुओ मिन्टाङ्ग दलको सिद्धान्तहरू सबैले स्वीकार गरे। राष्ट्रियताको सिद्धान्त मुताबिक चीनबाट सबै विदेशी साम्राज्य-वादीहरूलाई धपाई जनतामा राष्ट्रिय भावनाको विकास गराउनु थियो । लोकतन्त्रको सिद्धान्त मुताबिक उत्तरदायी सरकार स्थापना गर्नु, जनतालाई रोजगार दिनु, अन्यायपूर्ण कानूनबाट किसान मजदूरको रक्षा गर्नु तथा उनीहरूलाई राजनीतिक शिक्षा दिनु थियो ।

सन्–यात्सेनले राष्ट्रिय एकता ल्याउने ठूलो प्रयत्न गरे । यसै बीचमा सन् १९२५ ई. को मार्ग महिनामा उनको मृत्यु भयो । सन्–यात्सेन लोकप्रिय नेता हुनुका साथै महान् देशभक्त थिए । देशोन्नतिको लागि उनले आफ्नो सारा जीवन अर्पण गरे । आज चीनिया जनता सन्–यात्सेनको नामलाई ठूलो आदर गर्दछन् ।

फ्लोरेन्स नाइटिंगेल

सन् १८२० मा इटालीको फ्लोरेन्स शहरमा एक बालिकाको जन्म भएको थियो । उनी जन्मेको स्थानको नामबाट उनको नाम फ्लोरेन्स नाइटिंगेल राखियो । उनी सानै उमेरमा आमा बाबुसाथै इंगलैण्डमा बस्न गएकी थिइन् । त्यस बखत बिरामीहरूको सेवा गर्ने काम प्रायः तल्लो स्तरका मानिसहरूले मात्र गर्ने गर्दथ्यो । समाजले नर्स पेशालाई घृणाको दृष्टिले हेरेको थियो । त्यसो भएतापनि फ्लोरेन्स नाइटिंगेलले असहाय बिरामीहरूकै सेवा गर्ने आफ्नो

फ्लोरेन्स नाइटिंगेल

जीवनको लक्ष्य निर्धारण गरिन् । नर्स सम्बन्धी राम्रो ज्ञान हासिल गर्न लण्डन तथा फ्रान्समा अस्पतालहरूको निरीक्षण भ्रमणमा गइन् । जर्मनीमा कैजरवर्थ नर्स तालीम केन्द्रमा फ्लोरेन्सले

नर्सको तालीम लिन थालिन् । तालीम प्राप्त गरी सकेपछि प्रमुख परिचारिक (माट्रन) भई लण्डनको एउटा अस्पतालमा काम गरिन् ।

सन् १८५४ ई. मा इंगलैण्ड, फ्रान्स र टर्की एक पक्ष भई रूसको विरुद्ध क्रिमियामा युद्ध चलाएका थिए । घाइते तथा बिरामी सिपाहीहरूलाई उपचारको लागि स्कूटरीको अस्पतालमा लैजानु पर्दथ्यो । तर त्यहाँ उपचारको कुनै राम्रो व्यवस्था थिएन । बेलायतको एक प्रमुख दैनिक पत्रिका "टाईम्स" मा अस्पतालको नराम्रो अवस्था दर्शाएर प्रकाशित गरेको लेख सबैले पढे । यस्तो परिस्थितिमा पनि आफ्ना रोगी दाजुभाइहरूको सेवा गर्न इंगलैण्डमा कुनै छोरीहरू छैनन् भनी सो पत्रिकामा लेखिएको थियो । फ्लोरेन्स नाइटिंगेल बिरामीहरूको सेवा गर्न जान तयार भइन् । अरू केही परिचारिकाहरूका साथ चन्दाबाट प्राप्त भएको केही धन लिई फ्लोरेन्स नाइटिंगेल इंगलैण्डबाट स्कूटरीतर्फ रमाना भइन् ।

फ्लोरेन्स नाइटिंगेलले स्कूटरी अस्पतालको हालत "टाईम्स" पत्रिकामा उल्लेख गरिएको भन्दा पनि खराब भएको प्रत्यक्ष देखिन् । त्यहाँ परिचारिकाहरू बिलकुलै थिएनन् । औषधी तथा अन्य सामानहरूको अभाव थियो । अस्पताल अति फोहोर थियो । खाना बिलकुलै खराब थियो । बिरामी जवानहरू त्यसै मरिरहेका थिए ।

फ्लोरेन्स नाइटिंगेलले चाँडै नै औषधी उपचारको राम्रो प्रवन्ध गरिन् । अस्पतालका खण्डहरू (वार्डहरू) मिलाइन् । खाना पकाउनको लागि भान्छा घर र लुगा धुने ठाउँको प्रवन्ध गरिन् । रातो दिन सेवामा व्यस्त भइन् । बेलुकी ८ बजेपछि अरू सबै परिचारिका हरू सुत्न जान्थे । रातको बखत औषधी उपचार गर्न जान्ने फ्लोरेन्स नाइटिंगेल बाहेक अरू कोही हुँदैनथ्यो । वार्डहरूमा बत्ती हुँदैनथ्यो । आफू नसुती हातमा एउटा सानो बत्ती लिएर फ्लोरेन्स नाइटिंगेल रोगी जवानहरूको हेरविचार गर्न जान्थिन् । त्यसबाट उनको उपनाम "बत्ती लिएकी केटी" रहनुको साथै सबैले तिनलाई आदरको दृष्टिले हेर्न थाले । तिनको मायालु स्वभाव र सेवी भावनाबाट रोगी जवानहरू अति प्रभावित भएका थिए । ती रोगी जवानहरूले तिनलाई देखेपछि झुक्ने गर्दथे । यसरी अथक प्रयास गरी फ्लोरेन्स नाइटिंगेलले अस्पतालको अवस्थामा प्रशंसनीय सुधार गरिन् ।

आखिर सन् १८५६ ई. मा क्रिमियाको युद्ध अन्त भयो । बिस्तार बिस्तारै सबै जवान-हरूलाई घर पठाई सकेपछि मात्र फ्लोरेन्स नाइटिंगेल इंगलैण्ड फर्किन् । तत्कालीन महारानी विक्टोरियाले क्रिमियामा तिनले गरेको कामको विवरण सुन्नको लागि तिनलाई निम्त्याइन् । तिनको कामको विवरण सुनेर अति प्रभावित भइन् । एक ठूलो धन-राशि राष्ट्रिय धन्यवादको रूपमा तिनलाई अर्पण गरियो । राष्ट्रले धन्यवादको रूपमा प्रदान गरेको धन-राशिबाट फ्लोरेन्स

नाइटिंगेलले लण्डनमा एउटा अस्पताल खडा गरिन् । त्यो आज भोलि सेन्ट टमस नर्स ट्रेनिङ अस्पतालको नामले प्रसिद्ध हुनुको साथै त्यसले फ्लोरेन्स नाइटिंगेल नाउँलाई अमर तुल्याएको छ । फ्लोरेन्स नाइटिंगेलको मृत्यु सन् १९१० मा भयो ।

फ्लोरेन्स नाइटिंगेलले नर्स प्रथामा ल्याएको सुधारको फलस्वरूप अस्पतालहरूमा उपचार गर्ने तरीकामा ठूलो परिवर्तन हुँदै गयो । तालीम प्राप्त परिचारिकाहरू सर्वत्र देखिन थाले । निलो अथवा गुलाफी रंगको पोशाक र शिरमा टोपी र रूमाल पहिरेकी परिचारिका, सिस्टर, मेट्रनहरू तिनको संस्मरणीय अथक प्रयासका चिह्न हुन् भन्नुमा अत्युक्ति हुँदैन । त्यो अनुकरणीय कामको लागि सबैले फ्लोरेन्स नाइटिंगेल प्रति कृतज्ञता ज्ञापन गर्नु न्यायोचित छ ।

नेपोलियन बोनापार्ट

नेपोलियन बोनापार्ट

नेपोलियनको जन्म सन् १७६९ मा फ्रान्सको कोर्सिका टापूमा भएको थियो । यिनले प्रारम्भिक शिक्षा हासिल गरिसकेपछि सैनिक शिक्षा प्राप्त गरे । १७ वर्षको उमेरमा

फ्रान्सिसी सेनामा उप–सेनानी भए । सेनामा भर्ना भएपछि उनले धेरै रणक्षेत्रहरूमा विजय हासिल गरी आफ्नो योग्यता देखाएका थिए। उनको रणचातुर्य देखेर फ्रेन्च सरकारले सन् १७९४ मा उनलाई जनरलको पद्वी दिए ।

सन् १७९६ मा नेपोलियनले इटालीमा अष्ट्रियाको विरुद्ध लडे। अष्ट्रियनहरूलाई हराए । त्यसपछि नेपोलियन अष्ट्रियाको राजधानी भियाना तर्फ बढे । अष्ट्रियाका सम्राट फ्रान्सिस द्वितीयले नेपोलियनसित सन्धि गर्नु परयो । यस सन्धिले गर्दा इटालीमा फ्रान्सको प्रमुख प्रभुत्व स्थापना भयो । आयोनियन टापूहरू हातलागि भएकोले मिश्र तर्फको बाटो खुल्यो । विजयी नेपोलियनले इटालीबाट फ्रान्समा निकै धन पनि पठाएका थिए । फ्रान्स शहर सिगार्न धेरै कलात्मक वस्तुहरू पनि पठाएका थिए । नेपोलियन लोकप्रिय बने । फ्रान्समा फर्कंदा उनको धूमधामसँग स्वागत भयो ।

मिश्र त्यस बेला टर्कीको अधीनमा थियो । मिश्र देश अङ्ग्रेजको भारतीय साम्राज्य जाने मूल बाटोमा पर्दथ्यो । मिश्रलाई कब्जा गरी नेपोलियनले भारतबाट अङ्ग्रेजलाई धपाउने विचार गरे । सन् १७९८ मा नेपोलियन फौजसहित मिश्र पुगे । युद्धमा पहिले त उनले विजयप्राप्त गरेका थिए, पछि अङ्ग्रेजी कमाण्डर नेल्सनले उनलाई हराए ।

नेपोलियन मिश्रबाट फ्रान्स फर्के । फ्रान्समा सरकार चलाइरहने डाइरेक्टरहरू भ्रष्ट थिए। तिनीहरू अलोकप्रिय भए । डाइरेक्टरहरूमध्ये एक जना अबेसियस र नेपोलियनले सल्लाह गरी फौजको बलले डाइरेक्टरी शासनलाई विघटन गरेर कन्सुलेट सरकार गठन गरे । कन्सुलेटमा नेपोलियन बोनापार्ट, अबेसियस र डुकस गरी तीन कन्सलहरू थिए । तर प्रमुख कन्सल नेपोलियन थिए । सारा अधिकार नेपोलियनको हातमा थियो ।

नेपोलियनले केही महीनापछि अष्ट्रियामा फ्रान्सको प्रभुत्व स्थापना गरे । इंगलैण्ड-सँगको युद्धमा आखिर दुवै राष्ट्रहरू लडाई देखि थकित भए । सन् १८०२ ई. मा एभिन्सको सन्धि भयो । त्यसपछि एक वर्षसम्म नेपोलियनले कुनै लडाई लडेनन् ।

एक वर्षको शान्ति कालमा नेपोलियनले फ्रान्समा धेरै सुधार कार्यहरू गरे । उनका सुधार कार्यहरूमध्ये सबै भन्दा महत्त्वपूर्ण "नेपोलियन विधान संहिता" थियो । भिन्न भिन्न प्रान्तहरूमा भिन्न भिन्नै कानूनहरूको प्रयोगलाई खारेज गरी सर्वत्र एकै समानको कानून चलाउने "विधान संहिता" तयार गरे । नेपोलियनको विधानले सबैलाई धार्मिक सहिष्णुता र समान न्याय दियो । नेपोलियनले प्रशासन व्यवस्थालाई पनि सुसंगठित पारे । उनले फराकिला सडक-हरू र राम्रा पुलहरू बनाई यातायातमा सुधार गरे। फ्रान्समा बैङ्क स्थापना गरेर देशमा

उद्योग तथा व्यापारको उन्नति गरे । शिक्षामा चर्चको नियन्त्रण हटाइदिए । पेरिसको विश्व-विद्यालय उनैको देन हो । सैनिक शिक्षाको पनि राम्रो प्रबन्ध गरे ।

प्रमुख कन्सल भएपछि नेपोलियन सर्वशक्तिमान् भएका थिए । उनका सुधारहरूले उनको लोकप्रियतालाई झन बढायो । सन् १८०२ ई. मा नेपोलियन आजीवनको निमित्त कन्सल भए । उनले आफ्नो शक्ति बलियो पार्दै लगेको देखेर विरोधीहरूले उनको ज्यान लिने षडयन्त्र गरेका थिए । तर नेपोलियन भाग्यले बचे । उनले आफूलाई १८०४ ई. मा सम्राट् घोषणा गरे । सर्वत्र लडाईंमा विजय प्राप्त गरी नाम कमाएका तथा देशमा शान्ति सुरक्षा स्थापना गर्न समर्थ भएका नेपोलियनलाई जनताले विरोध दर्शाएनन् ।

आफ्नो शक्ति मजबूत पारिसकेपछि नेपोलियनले जहाजी शक्ति बढाएर इङ्गलैण्डको विरुद्ध युद्धको घोषणा गरे । तर अङ्ग्रेज कमाण्डर नेल्सनले सन् १८०५ ई. मा ट्राफलगरको समुद्री लडाईंमा फ्रान्सेली जहाजी शक्तिलाई नाश पारी दिए । नेपोलियनले इङ्गलैण्डमाथि आक्रमण गर्ने विचार त्यागे ।

ई. सं. १८०५ मा नेपोलियनले अष्ट्रिया र त्यसका फौजलाई अष्टरलिजको युद्धमा हराए । यसपछि ई. सं. १८०६ मा प्रशालाई जेनेभामा र रूसलाई फ्राइडल्याण्डमा हराए । यूरोपमा नेपोलियनको शक्ति चरम सीमामा पुग्यो । इङ्गलैण्ड बाहेक सारा यूरोप नेपोलियनको अधीनमा भयो ।

सामुद्रिक शक्तिमा प्रबल इङ्गलैण्डलाई हराउन नसकेतापनि इङ्गलैण्डको व्यापार नष्ट गर्न नेपोलियनले इङ्गलैण्ड उपर आर्थिक नाकाबन्दीको नीति लागू गरे । अङ्ग्रेजी मालसामान कुनै देशले पनि किन्न नपाउने र किनेर ल्याएमा मालसामान भएको जहाज जफत गर्ने कुराको घोषणा गरे । तर नेपोलियन इङ्गलैण्डको व्यापार रोक्ने नीतिमा असफल भए । त्यसपछि सन् १८१३ ई. मा स्पेनसँगको युद्धमा फ्रान्सेली फौज हारे । यस युद्धमा फ्रान्सको धेरै धन जन नाश भयो । रूसले बिस्तारै इङ्गलैण्डसँग खुलम खुल्ला व्यापार गर्न लागेको थियो । यो देखि ६ लाख सेनासहित नेपोलियनले रूसमा हमला गरे । जाडो महीना थियो । नेपोलियन रूसको राजधानी मास्को सम्म त पुगे । तर अन्नको अभाव तथा हिउँ र चर्को ठण्डीले गर्दा फौजको ठूलो भाग बाटोमा मरे । नेपोलियन फ्रान्समा फर्के । नेपोलियनको सैनिक शक्ति ज्यादै कमजोर भयो ।

नेपोलियनको विरुद्ध प्रशा, स्वीडेन, रूस र अष्ट्रिया मिले । तिनीहरूले लिपजीगको युद्धमा नेपोलियनलाई हराए । पेरिस शहर नै घेरामा पारे । नेपोलियन पक्डिए । उनलाई

कैद गरी एल्वा टापूमा पठाइयो । सन् १८१५ ई. मा नेपोलियन अकस्मात् एल्वाबाट उम्की फ्रान्समा पुनः प्रवेश गरे । उनलाई देख्नेबित्तिकै फ्रान्सका जनता उनको पक्षमा भए । नेपोलियन फ्रान्समा पुगेको खबर सुन्नेबित्तिकै इङ्गलैण्ड र प्रशाले युद्धको घोषणा गरे । तिनीहरूको संयुक्त फौजले नेपोलियनलाई वाटरलूको लडाईमा हराए । नेपोलियनले आत्म समर्पण गरे । उनलाई सेन्ट हेलेनाको टापूमा कैदीको रूपमा राखियो । त्यहाँ ६ वर्षपछि सन् १८२१ मा नेपोलियनको मृत्यु भयो ।

अभ्यास

१. गान्धीको जीवनी संक्षेपमा लेख्नुहोस् ।
२. गान्धीले दक्षिण अफ्रिकामा किन र कस्को पक्ष लिएर संघर्ष गरे? बताउनुहोस् ।
३. गान्धीले अङ्ग्रेज शासकको विरुद्ध अपनाएको संघर्षका तरीकाबारे लेख्नुहोस् ।
४. सन्–यात्सेनका राजनीतिक सिद्धान्तहरू बताउनुहोस् ।
५. सन्–यात्सेनले संगठन गरेको दलको नाम लेख्नुहोस् ।
६. चीनमा सन् १९११ को क्रान्तिपछि सैनिक नेताहरूले के गर्न चाहेका थिए ? बताउनुहोस् ।
७. चीनिया जनताले सन्–यात्सेनको नामलाई आदर गर्नाको कारण बताउनुहोस् ।
८. फ्लोरेन्स नाइटिंगेल पुग्नु अगाडि स्कूटरी अस्पतालको अवस्था कस्तो थियो? बताउनुहोस् ।
९. फ्लोरेन्स नाइटिंगेलले स्कूटरी अस्पतालको अवस्था कसरी सुधारिन्? बयान गर्नुहोस् ।
१०. फ्लोरेन्स नाइटिंगेललाई "बत्ती लिएकी केटी" भन्नुको कारण बताउनुहोस् ।
११. परिचारिका पेशाप्रति फ्लोरेन्स नाइटिंगेलको देन बारे लेख्नुहोस् ।
१२. नेपोलियन लोकप्रिय हुनाको कारण बताउनुहोस् ।
१३. नेपोलियनका सुधारहरू लेख्नुहोस् ।
१४. नेपोलियन रुसमा हार्नुको कारण लेख्नुहोस् ।
१५. नेपोलियनको अन्त्य कसरी भयो ? लेख्नुहोस् ।

Ac. 2356
C2

कक्षागत रूपमा कक्षा [illegible] का विद्यार्थीले गाउने

राष्ट्रिय गीत

तराई हेर कति राम्रो हरियो [illegible] फुलाले
पहाड हेर झरी राम्रो सुर्यको [illegible]
म त हेर्छु राम्रो यसै राम्रो
त्यसै राम्रो नेपाली हुनाले
उनरूपाया मेरो आफ्नो शिर झुकिन्छ । ।

[illegible] बरम बाँच्नु पर्छ हातै नहुनेले
एक दिन भोकै मर्नु पर्छ पौरख नहुनेले
म त मेरो पौरख बाँच्छु
म त हातका [illegible] बियाउँछु, नेपाली हुनाले
[illegible] मेरो हातको बीजा झुकिनाले । ।

[illegible] बरम हिंड्नु पर्छ खोंचै नहुनेले
[illegible] पर्छ किर्ो [illegible]
म त [illegible]
[illegible] नेपाली हुनाले
राजा-रानी मेरो दुइटा आँखा झुकिनाले । ।